सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८

सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली

यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ् सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

❖ वर्षः- २१ ❖ अङ्कः- १६ ❖ २०८० मंसिर १३ गते बुधबार(29 Nov. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

# आय आर्जनमा बहिरा विद्यार्थीहरू !

**सिन्धुली**/ नवज्योति बहिरा माध्यमिक विद्यालय सिन्धुलीका १७ वर्षीय वालक विशाल थामी अहिले आफ्नो खेल्ने समयलाई शिप सिकाईमा प्रयोग गरिरहेकी छन् ।

बागमती प्रदेशकै नमुना विद्यालयका रुपमा लिइने नवज्योति माविका विद्यार्थीहरु अहिले पठन पाठनसँगै आफ्नो खेल्ने समयलाई स्थानीय बजारको मागमा आधारित भएर थामी लगायतका विद्यार्थीहरु जिवन उपयोगी शिप सिकिरहेकाछन् । विद्यालय परिसरमा गएका जो को हिलाई लाग्न सक्छ यो विद्यालय हो कि तालिम केन्द्र !

अन्य सामुदायिक विद्यालयका विद्यार्थीहरु शनिवार मनोरञ्जनात्मक काममा लागेका बेला बहिरा माध्यमिक विद्यालय जसे दमारका विद्यार्थीहरु भने स्थानीय लोकल साधान स्रोत संकलनगरी गुन्द्री, मुढा, टपरी, विभिन्न सजावटका साधानहरु निर्माण गरेर आय आर्जनको काममा व्यस्त भइरहेकाछन् ।

शनिवार बिहान विद्यालयमा पुग्दा कक्षा १० मा अध्ययनरत १८ वर्षीया छात्रा बालकुमारी राई तान लगाएर परालको गुन्द्री बुन्दै थिइन् । तपाईलाई यो सबै कुरा कसले बनाउन सिकायो ? भन्ने दोभासेको सहयोगमा सोधिएको प्रश्नमा उनले भनिन्- मैले घरमा आमाले गुन्द्री बुनेको देखेको र त्यसै बेला ६ लाइन डोरीको तान लगाएर परालको त्यान्द्रा हाल्दै हतासोले ठोकेको देखेको थिएँ, विद्यालयका प्रधानाध्यापक विजय सरले केही नयाँ कुरा गर्नुपर्छ भनेर पटक पटक हौसला दिएपछि सबै



सामाग्रीहरु जुटाएर प्रयास गर्दा सफल पनि भइयो ।

उनी मात्रै होइन कक्षा १२ मा अध्ययनरत १९ वर्षीय मुकेश यादव बाँसको बुद्दा बुनिरहेका देखिन्ये । व्यवसायिक व्यक्तिभैँ काम गरिरहेका मुकेशको फोटो खिच्न खोज्दा भने उनी अलि लजाएका थिए । यो कसका लागि बुन्नु भएको हो ? भन्ने प्रश्नमा उनले भनेका थिए: यो मेरो विद्यालयमा आउने पाहुनाका लागि हो, त्यसपछि बनाएको भने म किन्न आउने मानिसलाई बिक्री गर्छु । उनको यो भनाई सुन्दा लाग्छ, यो विद्यालय होइन, तालिम गृह हो र यहाँ वालवालिकाहरु आफ्नो शिपलाई व्यवहारमा प्रयोग गरिरहेका छन् ।

कक्षा १० मा अध्ययनरत वालिका अस्मिता सार्की र उनका साथीहरु जनिकै बाँस काटिरहेका देखिन्ये । विद्यालयका प्रधानाध्यापक एवम् सामाजिक अभियन्ता विजय तामाङ भन्छन्: फरक क्षमता भएका विद्यार्थीहरुलाई विद्यालयको पठन पाठनका अतिरिक्त बजारमा बिक्ने र टिक्ने बनाउने उदेश्यले प्राविधिक ज्ञान र शिपको ज्ञान दिन थालेका छौं । बहिरा तथा सुस्त श्रवण वालवालिकाहरुलाई कमलामाई नगरपालिकाको सहयोगमा नमुना विद्यालयका रुपमा सञ्चालन गरिरहेको बताउँदै तामाङले आफ्नो योजना अनुसार विद्यार्थीले जीवन उपयोगी शिप सिकिरहेको बताए । उनले केही दिन अगाडि घरेलु कार्यालय सिन्धुलीद्वारा आयोजित स्थानीय उत्पादन प्रदर्शनीमासमेत आफ्ना विद्यार्थीहरुले उत्पादन गरेका स्थानीय आवश्यक्ताका

सामाग्रीहरु राखिएको र त्यसले बजारमा राम्रो प्रभाव ● बाँकी २ पेजमा

# पुस ६ गतेबाट मरिण महोत्सव हुने




**सिन्धुली**/ मरिण गाउँपालिकामा चौथो मरिण महोत्सव २०८० हुने भएको छ। सिन्धुली उद्योग बाणिज्य संघ मरिण शाखाको आयोजना तथा मरिण गाउँपालिकाको १० लाख आर्थिक सहयोगमा पौष ६ गतेबाट १६ गते सम्म मरिण महोत्सवको आयोजना गरिएको हो ।

"स्थानीय स्रोत साधनको प्रयोग गरी स्थानीय उत्पादनलाई प्रवद्धन गरौं" भन्ने मुल नारा सहित कृषि, पर्यटन, साँस्कृतिक, सुचना प्रविधि तथा व्यापार मेलाको आयोजना गरिएको सिन्धुली उद्योग बाणिज्य संघ मरिण शाखाका अध्यक्ष चिनध्वज बोम्जनले जानकारी दिए ।

महोत्सवको उद्घाटन पुस ६ गते संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री सुदन किरातीले गर्ने कार्यक्रम तय भएको ● बाँकी २ पेजमा

# सरकारबाट जनताका समस्याहरू सम्बोधन हुन्न: बलम्पाकी

**सिन्धुली**/ प्रतिनिधीसभा सदस्य रणकुमारी बलम्पाकीले अहिलेको सरकारबाट जनताका समस्याहरु सम्बोधन हुन नसक्ने बताएकी छन् । मंगलवार साँझ सन्देश जनप्रिय सँगको कुराकानीगर्दै उनले सो कुरा बताएकी हुन् । अहिलेको सरकारले जनताका माग र आवश्यकता सम्बोधन गर्न नसकेको र अर्थतन्त्र समेत संकटमा परेको बताउँदै कानून बनाउने थलोका रुपमा लिइने संसद पनि सरकारको छायाँमा निरिह बनेको आरोप लगाइन् । उनले सांसदको मुख्य काम अहिले झण्डै ४० वटा कानुन तत्काल बनाउनैपर्ने अवस्था मा रहेपनि सरकारकै कारणले समस्या सिर्जना भइरहेको खुलासा गरिन् । उनले अगाडि भनिन्, "अहिले सदन



पनि नियमित भएको छैन, कानुन निर्माणमा तपाईंहरूले ध्यान दिनुभएन भन्ने जनताले प्रश्न उठाइरहनुभएको छ, यस मामिलामा हामी होइन, सरकार स्वयं जिम्मेवार बन्नुपर्छ, हामीले मात्र भनेर नहुँदोरहेछ ।" सदनमा दलहरुले प्राप्त गरेको सिट संख्या र शक्ति सन्तुलनले राजनीति लाई सहजरूपमा अघि बढाउने सन्दर्भमा चुनौती खडा गरेको बताउँदै एमालेको अनुशासन आयोगकी सदस्य समेत रहेकी बलम्पाकीले सरकार बचाउने र टिकिरहने मनस्थितिले भ्रष्टाचार, महँगी र अनियमितताका विषयमा गठबन्धन दलनै तैँचुप मैँचुपको स्थितिमा रहेको आरोप लगाइन् ।

"कुटपिट, हत्या र अपहरण र भ्रष्टाचारमा संलग्नलाई सरकारले नै संरक्षण गरिरहेको तथ्यहरु सार्वजनिक भइरहनुले आम नागरिक मा राजनीतिप्रतिनै वितृष्णा र अविश्वास पैदा भएको छ" उनले भनिन् ।

सदनमा अनुपस्थित हुने तर राज्यले उपलब्ध गराएको भत्ता बुझिरहने र उनै नेताहरु सरकारमा बसेर सुशासन पारदर्शीताको पाठ ● बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




# जनयोद्धाको सम्मानमा गर्विलो संकल्प

गुलेली
☐ महेश्वर दाहाल

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले चलाएको 'जनतासँग माओवादी' विशेष रुपान्तरण अभियानसँगै सिन्धुली पार्टीमा विस्तारै फरकपन देखिन थालेको छ। माओवादीको क्रियाशीलता र जनताको आशामा यसले सकारात्मक संचार पैदा गर्दै लगेको विश्लेषण बौद्धिकहरुबीच समेत हुन थालेको छ । परिवर्तनकारी आन्दोलनका मुख्य अगुवा तर परिवर्तनपछि उपेक्षित बहुसंख्यक पूर्व जनमुक्ति सेनालाई विश्वासमा लिने, उहाँहरुप्रति आत्मालोचित हुने र आन्दोलनका बाँकी कार्यभारप्रति उत्साहित गर्ने क्रममा जनसेनाको सिन्धुलीमा महत्वपूर्ण भेलाबाट नयाँ नेतृत्व चयन गरिएको छ । सिन्धुली पार्टीले पूर्व जनमुक्ति सेना, नेपालको २३ औं वर्षगाँठ एक औपचारिकताका लागि मात्रै नभएर परिवर्तन आन्दोलनका धेरै कार्यभार बाँकी रहेको, त्यसलाई उच्च निष्ठाका साथ जारी राख्ने संकल्पसहित मनाएको छ । हिजोको उच्च त्याग र बलिदानको संस्कृतिबाट प्रेरणा लिँदै आगामी दिनमा पार्टी र परिवर्तन पक्षको आन्दोलनमा प्रभावकारी भूमिका खेल्ने प्रतिबद्धता त्यसक्रममा व्यक्त भएको छ । वर्षगाँठसँगै पूर्व जनमुक्ति सेनाको नयाँ कमिटी बनाएर एक उत्साहित गन्तव्यबोध गरिएको छ । देश र जनताको पक्षमा हाँसीहाँसी आफूलाई बलिदान दिने नेपालका हजारौं क्रान्तिकारी ●बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**आर्य ........**

जमाएको खुलासासमेत गरे ।

समिति स्रोत साधनमा आवासिय विद्यालय सञ्चालन गरेका तामाङले जसरी सिन्धुलीका अन्य सामुदायिक विद्यालयले पनि जीवन उपयोगी शिपहरुलाई व्यवहारिक रुपमा सिकाउने हो भने हाम्रा स्थानीय कच्चा पदार्थको सही सदुपयोग हुने तत्कालिन बागमती प्रदेशका स्वास्थ्यमन्त्री एवम् स्थानीय वासिन्दा प्रदीप कटुवालले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कमलामाई नगरपालिका वडानं. ६ का अध्यक्ष उज्वलकुमार थापाले बहिरा विद्यार्थीले जस्तै अन्य विद्यार्थीले पनि पढाईसँगै बाँकी रहेको समयलाई शिप सिक्ने र उत्पादनमा जोडिन जरुरी रहेको बताए ।

विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष एवम् संस्थापक नारायण बराल भन्छन्: बहिरा विद्यार्थीहरुको पछिल्लो सिकाई सिन्धुलीमा मात्रै होइन नेपालमैं पहिलो उदाहरण भएको बताउँदै यस्ता ज्ञान र शिपलाई सबै सामुदायिक विद्यालयमा पठन पाठनसँगै जोडेर लैजान आवश्यक देखिएको छ ।

सिन्धुली बहिरा संघका अध्यक्ष घनवहादुर थापा भन्छन्- निकै लामो प्रयत्नपछि स्थापना गरिएको विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरु विद्यालयबाट पढाईसँगै सिप सिकेर बाहिरिंदा बजारमा बिक्ने अबस्था सिर्जना भएको छ ।

त्यस्तै विद्यालयका संस्थापक एवम् संघका पूर्व अध्यक्ष विश्वम्भर लामिछाने प्रधानाध्यापक विजय तामाङकै कारणले बहिरा विद्यार्थीहरु सुरक्षित साथ बसिरहेका र आत्मनिर्भर बन्न सिप सिकिरहेको बताउँछन् । समाज परिवर्तन गर्न सबैको सहयोग आवश्यक पर्ने भएपनि जाँगर भए उदाहरणीय काम गर्न सकिने रहेछ भन्ने उदाहरण बहिरा विद्यालय बनिरहेको छ ।

सिन्धुलीका पुराना बामपन्थी नेता लामिछाने कुशल प्रधानाध्यापक भएकाले बिद्यार्थीहरुलाई बेकरी, आउस वाइरिङ, कुक र वेटर्स तालिम दिइरहेको र त्यसले उनीहरु विद्यालय छोड्दा आत्मनिर्भर बन्ने बताए ।

**सरकारबाट.......**

पढाई रहने संस्कारले मुलुकलाई अगाडि बढाउन नसक्ने ठोकुवा गरिन् । कैयन पटक संसदमा उपस्थिति संख्या अपुग भई विधेयक 'फेल' हुने अवस्था आएको र त्यस्तो अबस्था आउन दिन नहुने उनको भनाई थियो ।

'भोट' माग्ने बेला गरिएको वाचानुरूप मतदाताले कुवा, पँधेरो, धारा र पाइपका लागि अनुरोध गर्नु चाहिँ तिनको अधिकार भएको बताउँदै उनले प्रस्ताव गरेका एउटै योजना गठबन्धन सरकारको बजेटमा नपरेको बताईन् ।

आफूहरूले मत दिएर पठाएकाले जनप्रतिनिधिबाट यति काम होस् भन्ने जनतामा आशा हुनु स्वभाविक रहेको बताउँदै सांसद बलम्पाकीले बजेट विनियोजनमा भएको विभेद प्रति सत्तापक्षका सांसदलेनैं सदनमा उभिएर मौन बसेको तथा विरोध गरेको घटनाले असन्तुष्टिलाईनैं पुष्टि गरेको जिकिर गरिन् ।

कतिपय विषयमा प्रखररूपमा सदनमा कुरा राख्न दलभित्र प्रोत्साहन गरिएको घटना सुनाउँदै सांसद बलम्पाकीले असल र अब्बल सांसद (गुड पार्लियामेन्टरियन) को पहिचान बनाउन आफ्नो दल र नेतृत्वले विज्ञ उपलब्ध गराई आवश्यक राय, परामर्शसमेत उपलब्ध गराउँदै आएको बताइन् । "दलबीच झगडा हुँदा देशको विकास पछि धकेलिन्छ । अरूलाई प्रेरणा दिलाउन र असल सांसदको भूमिका खेल्ने सिलसिलामा सदनमा मैले सधैं सकारात्मक नै भएर विषयवस्तु राख्दैआएकी छु" उनले भनिन् ।

"एउटा सांसदले जनताले किन पठाएका हुन्, जिम्मेवारी र कर्तव्य के हो, कुन कुरा बोल्न हुन्छ वा हुँदैन भनेर बुझ्न आवश्यक छ, गैरजिम्मेवारी र फितलो प्रस्तुति गर्न हुन्न, यसतर्फ चेत र चेतना बढाउनुर्छ ।"

ललिता निवास, सुन तस्करी र नक्कली भुटानी शरणार्थी काण्डमा संलग्नलाई कारबाही गरिएको भए राजनीतिक नेतृत्वप्रति विश्वास जाग्ने थियो तर घटनाको फितलो अनुसन्धानले बर्तमान सरकार प्रतिको भरोसा कमजोर बनाएको बताइन् ।

हाल अभ्यासमा रहेको निर्वाचन प्रणाली खर्चिलो भएकाले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा चुनौती खडा गरेको बताउँदै सांसद बलम्पाकीले चुनावका बेला गरिएको लाखौं-करोड खर्च उठाउने प्रवृत्तिले भ्रष्टाचार मौलाइरहेको बताएकी थिइन् ।

**जनयोद्धा........**

योद्धाहरुको अग्रपंक्तिमा सिन्धुली पनि पर्छ । वलिदान हुन तत्पर हुने हरुसँग देश ऋणी छ । माओवादी पार्टी ऋणी छ । मुक्तिका लागि प्राणोत्सर्गको प्रतिस्पर्धा गर्ने महामानव नै पूर्व जनमुक्ति सेना हुन् । जिउँदा शहीद हुन् । आज अपमानको विष पिएर पनि परिवर्तनको पक्षमा क्रियाशील रहिरहने उहाँहरुको तत्परता लक्ष्यप्रतिको राजनीतिक दृढता हो ।

सबै पूर्व जनमुक्ति सेना आजको माओवादी केन्द्रमा हुनुहुन्न । आआफ्ना मान्यतासहित अलगअलग माओवादी धारा र अन्य पार्टीमा समेत हुनुहुन्छ । तर, जो जहाँ भए पनि उहाँहरुले नेपालको इतिहासमा विशिष्ट स्थान बनाउनु भएको छ । सयौं वर्षपछि पनि प्राप्त गर्न नसकिने उपलब्धि उहाँहरुकै कारण हाम्रो पुस्ताले पाएको छ । तर, खुला राजनीतिको मैदानमा उहाँहरुमध्ये अधिकांशलाई पछाडि पारिएको छ । उपेक्षा गरिएको छ । किन यसो भयो ? आन्दोलनले नै गम्भीर समीक्षा गर्नुपर्ने विषय हो यो ।

हामीले उत्पीडित वर्ग र समुदायका लागि लडाईं लडेका हौं । राज्य संरचनालाई जनतामुखी बनाउन वा राजनीतिक परिवेशलाई संघीय गणतन्त्रसम्म पुर्‍याउन एकहदको सफलता मिले पनि हाम्रा प्रतिबद्धता र अजेण्डाहरु पूर्ण भएका छैनन् । सामाजिक न्यायसहितको गुणात्मक आर्थिक समृद्धिका लागि क्रियाशील भइराख्ने र देशलाई समाजवादको चरणमा पुर्‍याउने हाम्रा प्रतिबद्धताहरू चुनौतीकै चरणमा छन् । राज्य संचालनमा आफू भएका बखत आफ्ना प्रतिबद्धता लागू गर्न निस्वार्थ यत्नशील हुने, नभएका बखत त्यसका लागि दबाब दिने- यही नै हाम्रो निष्ठा हो ।

तर, मुख्यत: हामी नेतृत्वमा जीवन र व्यवहारमा सामन्जस्य गर्न नसक्दा, शब्द र कर्ममा अन्तरविरोध देखिदा हामीप्रति पनि धेरै प्रश्न उब्जिएका छन् । यी विगतका आदर्शबाट स्खलित नहुन् भन्ने नै हिजो अग्रमोर्चामा लड्ने अधिकांश जनसेनाको चाहना हो । जनताको चाहना हो । त्यसकारण हामी रुपान्तरण हुनैपर्छ । पूर्व जनमुक्ति सेनासहितको अपूर्व सम्मिलन रुपान्तरणतर्फको सिन्धुली पार्टीको एक पुरक अभियान हो ।

पार्टीका उपमहासचिव तथा तत्कालीन दोस्रो डिभिजनका कमिसार हरिबोल गजुरेलको प्रमुख आतिथ्यतामा विभिन्न पार्टीमा छरिएर रहेका पूर्व जनमुक्ति सेना सम्बद्धहरुको सिन्धुली भेलाले जनमुक्ति सेनाको त्याग र वलिदान खेर जान दिइदैन भन्ने संकल्प बोकेको छ । भेलामा जनयुद्धमा महत्वपूर्ण भूमिका खेल्नुभएका पार्टीका केन्द्रीय सदस्यहरु गोपी अछामी, बसन्त माझी, दीर्घराज श्रेष्ठको समेत आतिथ्यता थियो । जनयुद्धकालमा कमाण्डरको भूमिका खेल्नुभएका मात्रिका भट्टराई, सुष्पा भुजेल, नरेश कुँवर, पदम अस्तानी, राजकुमार श्रेष्ठ, सुरतकुमार स्याङताङ 'बृहत' सहितको सक्रिय सहभागिता थियो । जनयुद्धको अग्रमोर्चामा सिन्धुली र सिन्धुली वाहिर रहेर लड्नुभएका थुप्रै कमरेडहरु यतिवेला पार्टीमा भूमिकाविहीन अवस्थामा हुनुहुन्छ । घाइते र अपाङ्ग भएर कष्टदायी जीवन बाँच्नेहरु पनि हुनुहुन्छ । जनयोद्धाहरुको अभिलेखीकरण गर्ने, शारीरिक समस्यामा पर्नुभएका, आर्थिक अवस्था नाजुक भएकाहरुको बारेमा बुझ्ने र समाधानको संस्थागत योजना बनाउने तथा पार्टीमा रहेर सक्रिय हुन चाहने हरुलाई प्राथमिकताका साथ जिम्मेवारीदिने, नसक्नेहरुलाईसम्मान दिने पद्धति अब हामीले विकास गर्नैपर्छ । बलिदानीपूर्ण संघर्षबाट स्थापित यस राजनीतिक परिवर्तन लाई उल्ट्याउन खोज्नेका विरुद्ध नयाँ ढंगले संघर्ष गर्न पनि विगतको वलिदानीपूर्ण संघर्षबाट शिक्षा प्राप्त गर्नुभएका जनयोद्धाहरुको अनुभव महत्वपूर्ण हुनेछ ।

भेलाले पदम बहादुर अस्तानी 'शरण'को अध्यक्षतामा पूर्व जनमुक्ति सेना नेपाल, सिन्धुली गठन गरेको छ । १३ सदस्यीय नयाँ कमिटीको उपाध्यक्षहरुमा राजकुमार श्रेष्ठ 'उत्साह' र गौरव कार्की 'सुदीप', सचिवमा केशव लोहार 'भीषण', सहसचिवमा हरिकृष्ण घिमिरे र कोषाध्यक्षमा संगिता माझी सर्वसम्मत चयन हुनुभएको छ । त्यस्तै सदस्यहरुमा भुलबहादुर राना 'अविरल', छविलाल श्रेष्ठ, सुक बहादुर सुनुवार, गोपालश्रेष्ठ, सीताराम रम्तेल, सुनिता तामाङ र अर्जुन विक हुनुहुन्छ । जनयुद्धकालदेखि आजसम्म उहाँहरु ऋआफ्नो ठाउँमा सक्रिय रहनुभएको छ ।

त्यसक्रममा उपमहासचिव गजुरेलले पार्टी विधिसम्मत तरिकाले अगाडि बढेमात्रै जनयुद्ध लडेका साथीहरुको सम्मान हुने बताउनुभयो । उहाँले पार्टी र नेतृत्वलाई सही मार्गमा डोहोर्‍याउन सबैले खबरदारी गर्न जरुरी रहेको औंल्याउनुभयो । माओवादी पार्टी र नेतृत्वलाई सही बाटोमा हिंडाउन र आन्दोलनको नैतिक-भौतिक बलको लागि जनमुक्ति सेनाको कमिटी अपरिहार्य रहेकोमा उहाँले जोड दिनुभएको थियो । बोल्नेक्रममा परिवार र सहयोद्धा हरुलाई सम्झेर केन्द्रीय सदस्य गोपी अछामी भावुक हुनुभयो । बागमती प्रदेश सांसद मात्रिका भट्टराई र सुष्पा भुजेलले जनयोद्धाहरु स्वयं पनि आफ्नो अधिकार तथा भूमिकाप्रति अग्रसर हुनुपर्ने बताउनुभयो ।


पार्टीको विशेष रुपान्तरण अभियान सिन्धुली इन्चार्जका रूपमा मैले जनमुक्ति सेनाका साथीहरु जोखिम मोलेर लडेका कारणले नै अहिलेको राजनीतिक परिस्थिति पैदा भएको तर 'जसको विहे उसलाई देख्न नदे' भने जस्तै जसले यो परिवर्तनको नेतृत्व गर्नुभयो, तिनलाई उपेक्षा गर्ने कार्य ठीक नभएको बताएँ । संगठित भएर गौरवगाथालाई स्थापित गर्ने र अग्रगामी मार्गमा एकाकार हुने पूर्व जनमुक्ति सेना तथा सिङ्गो सिन्धुली पार्टीको प्रतिबद्धताले ममा गर्विलो हर्ष निर्माण भएको छ । जनयोद्धा र तिनका परिवारसँग सम्बन्धित समस्यामा राज्यले मल्हमपट्टी गर्नै पर्छ । पार्टीले मल्हमपट्टी गर्नैपर्छ । सबै आन्दोलनप्रेमीले यसको पहलकदमी लिनुपर्छ । हामी र ाजनीतिक संघर्षको इतिहास र जनयोद्धाहरुको भूमिकालाई सम्मान गर्न सक्दैनौं भने परिवर्तनलाई पनि सम्मान गर्न सक्दैनौं ।

**पुस ६ ........**

छ । महोत्सवबाट उठेको रकमबाट सिन्धुली उद्योग बाणिज्य संघ मरिणको वडा नम्बर ६ कृषि बजारमा निर्माणाधिन कार्यालय भवनको दोस्रो तला निर्माण गरिने योजना आयोजकले जनाएकाछन् ।

मरिणको वडा नम्बर ४ साहान स्थित रंगशालामा हुने महोत्सवमा ७० वटा स्टल रहने छ । जसमा १० वटा स्टल स्थानीय उत्पादन प्रदर्शनको लागि कृषकलाई निशुल्क उपलब्ध गराइने अध्यक्ष बोम्जनले बताए । मरिण महोत्सवमा किसानका निम्ति १० वटा स्टल नि:शुल्क उपलब्ध गराइने छ ।

महोत्सवमा लगभग ७५ लाख लगानी लाग्ने अनुमान गरिएको छ भने आम्दानी ८३ लाख लिइने लक्ष्य रहेको आयोजकले जनाएको छ । १० दिन सम्म सन्चालन हुने महोत्सवमा सिन्धुली, सर्लाही, रामेछाप, काठमान्डौं लगायतका विभिन्न जिल्लाहरुका ५० हजार मानिसले अवलोकन गर्ने लक्ष्य राखिएको छ । मरिण महोत्सवले सिन्धुलीका ऐतिहासिकधार्मिकस्थलहरुपन्चकन्या पोखरी, सिन्धुलीगढी दरबार, हरिहरपुरगढी किल्ला, लगायतका स्थानहरुमा पनि अवलोकनका लागि पर्यटकहरु भित्रिने विश्वास लिइएको छ । मरिण महोत्सवमा प्रयास होटल प्रालि सिन्धुलीले प्याराग्लाइडिङ गराउने छ भने १० दिन सम्म राष्ट्रिय कलाकारहरुबाट सांस्कृतिक प्रस्तुती दिइने आयोजकले बताएको छ ।

डेंगी ज्वरो
(Dengue Fever)

परिचय

डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि / बान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने,

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली



भर्ना खुल्यो !!

सिन्धुली जिल्लाकै एकमात्र विश्वासिलो कम्प्युटर इन्स्टिच्युट यस सक्सेस कम्प्युटर इन्स्टिच्युटमा कम्प्युटरका विभिन्न कोर्शहरुमा ५०% छुटका साथ नयाँ कक्षाहरु संचालन भइरहेको छ ।

Computer Courses:
1. Basic Computer- 3 Months
2. Office Package- 4 Months
3. Accounting Package- 3 Months
4. Diploma In Computer- 6 Months
5. Diploma In Graphic Design- 6 Months
6. Diploma In Computer Application- 1 year
7. Hardware & Networking- 6 Months

नोट: हामी पढाउने मात्र होइन– तपाईलाई १००% काम गर्न सक्ने बनाउँछौं ।

सक्सेस कम्प्युटर इन्स्टिच्युट
कमलामाई न.पा. ६, २ नं. वजार, सिन्धुली
मो. ९८४४२४५३८३, ९८१७८४५०५४

# बिबरणनै लुकाउँछन् सिन्धुलीका सकारी कार्यालयहरु

**सिन्धुली**/ जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा कानूनी रुपमा हतियार राख्नेहरुको बिबरण माग गर्न जाँदा सन्देश जनप्रिय कर्मीलाई जिल्ला प्रशासनका अधिकारीले दिन नमिल्ने बताए। संवेदनशिल विषय भएकाले यो बिबरण सार्वजनिक गर्न हुन्न भन्ने ति अधिकारीको भनाईले सिन्धुलीका सरकारी निकाय कसरी चलिरहेका छन् भन्ने कुराको झल्को दिन्छ।
अन्य सरकारी कार्यालयलाई सूचना दिए दिएन् भनेर अनुगमन गर्ने निकायनैं सूचना दिन हिच्किचाउँछ भने अन्य सार्वजनिक निकायले सर्वसाधारणलाई उपलब्ध गराउनुपर्ने सूचना समयमै सार्वजनिक गर्ने गरेका छैनन्। यहाँ रहेका सरकारी तथा गैरसरकारी कार्यालयले समयमै सूचना सार्वजनिक नगर्दा सर्वसाधारण सूचना पाउनबाट वञ्चित समेत भएकाछन्। कार्यसम्पादनका हिसाबले जिल्लामा रहेका प्रमुख कार्यालयहरूले समेत समयमै सूचना प्रवाह नगर्ने गरेका हुन् । सबै कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएपनि ऐनले तोकेको समयमा उनीहरूले सार्वजनिक महत्वका सूचनासमेत प्रवाह नगरेका हुन् । यहाँका सार्वजनिक निकायले सूचनाको हक २०६४ अनुसार कार्यान्वयन गरेका छैनन् । राष्ट्रिय सूचना अयोग आयोगले अघिल्लो वर्ष नै सबै मन्त्रालय मातहतका जिल्लामा रहेका कार्यालयमा सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वयन गराउन निर्देशन दिएको थियो । आयोगले हरेक सार्वजिनिक निकायले हरेक तीन/तीन महिनामा सूचना अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने प्रवन्ध गराएपनि जिल्लाका सार्वजनिक निकायले सोको पालना नगरेका हुन्। सूचना सार्वजनिक गराउने प्रक्रियाबारे जानकारी लिँदा सूचना अधिकारी स्वयंलाई पनि आफ्नो कार्यालयबाट कहिले र कुन समयमा सर्वसाधारणका लागि सूचना प्रवाह गर्नुपछ भन्ने समेत जानकारी नभएकोसमेत पाइएको छ। केही सूचना अधिकारीले आफ्नो कार्यालयबाट प्रकाशित गरिने विज्ञापनलाई नै सूचना मान्ने गरेको समेत भेटियो। जिल्लाका शतप्रतिशत कार्यालयमा कोही व्यक्ति सूचना माग्न गएमा मात्रै सूचना दिने गरेको सूचना अधिकारीहरू बताउछन् । अधिकांश सूचना अधिकारीहरू आफ्नो कार्यालयमा हुने कार्यसम्पादनबारे अपडेट समेत हुने गर्दैनन् । 'कोही माग्न आए भने सम्बन्धित फाँटबाट सोधेर दिने हो,' अधिकांश सूचना अधिकारीहरू भन्छन्, 'हामीलाई पनि खासै थाहा हुँदैन, कार्यालयमा कहाँ के भइरहेको छ।'
सार्वजनिक चासोको रुपमा हेरिने, व्यस्त र विकासे कार्यालयहरूले समेत समयमै सूचना प्रवाह गर्दैनन्। जिल्लामा रहेका अधिकांस सरकारी कार्यालयको वेभसाइट अपडेट छैन । जिल्ला प्रशासन कार्यालय सिन्धुलीले भने वेभसाइट अपडेट गरिरहेको छ। जिप्रकाले मासिक आर्थिक प्रतिवेदन समेत वेभसाइटमै अद्यावधिक गर्ने गरेको छ । जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमार्फत भएका कार्यक्रमको गतिविधि दैनिक र मासिक रुपमा सार्वजनिक गर्ने गरेको छ । तर, अन्य सरकारी कार्यालयको वेभसाइट अपडेट नभएको वर्षौं बितिसक्दापनि जिल्ला प्रशासन कार्यालयले कुनैपनि ताकेता र निर्देशन दिएको छैन ।
जिल्लामा रहेको अधिकांश स्थानिय तहले वेभसाइट अपडेट गरेका छैनन्। जनताको घर नजिकैको स्थानीय सरकार पारदर्शी र जवाफदेही बन्न नसक्दा अनियमितता र अपारदर्शिता समाजको तल्लो तहसम्म संस्थागत हुन पुगेको छ । सर्वसाधारणमा सूचनाको हक सम्बन्धी जानकारी नभएकाले पनि जिल्लामा सूचना माग्नेहरू खासै हुने गरेका छैनन् । सवैसाधारणले चासोका रुपमा नहेरे काले पनि कार्यालयमा रहेका सूचना अधिकारीहरू सूचनामा अपडेट नहुने गरेका हुन् ।
सरकारी कार्यालयसँगै जिल्लामा रहेका अन्य सार्वजनिक निकायले पनि ऐन र आयोगले निर्देशन गरे अनुसार कार्यान्वयन गर्ने गरेका छैन । जिल्लामा क्रियाशील राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाले पनि सूचना सार्वजनिक गर्ने गरेको छैन । कार्यालयका सूचना अधिकारीहरू हरेक तीन महिनामा सूचना अद्यावधिक गरि सार्वजनिक गर्नुपर्नेबारे सिन्धुलीका सरकारी कार्यालय अनविज्ञ छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ बमोजिम सर्वसाधारणले जुनसुकै सार्वजनिक निकायमा सूचना माग्न पाउँछन् भन्ने हेक्कासमेत अधिकारी हरुसँग नभएको देखिएको छ ।
देखिन्छ ।

# एकै ठाउँमा पुग्दै केपी ओली र प्रचण्ड !

**सिन्धुली**/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले हिजो मंगलबार भेटेका छन् ।
मुलुकमा अभियन्ता दुर्गा प्रसाईंको आन्दोलनले ध्यान खिचिरहेको र सत्तारुढ प्रमुख दल नेपाली कांग्रेसले पनि परोक्ष रुपमा हिन्दुराष्ट्रको रुपमा आफूलाई उभ्याउने बताएपछि ओली प्रचण्डलाई भेट्न पुगेका हुन् ।
प्रसाईको आन्दोलन र कांग्रेस सभापति शेरबहादुर देउवाको धर्मनिरपेक्षतामाथि समीक्षा गर्ने समय आएको अभिव्यक्तिले ओली र प्रचण्ड छलफलमा जुटेका हुन् ।
प्रसाई राजसंस्थाको पक्षमा प्रदर्शन गरिरहँदा सिंगो सत्ता उनको खिलाफमा देखिएपछि गणतन्त्र कमजोर जगमा रहेको पुष्टि भएको छ। त्यसैमाथि पूर्वराजा ज्ञानेन्द्र शाहका सार्वजनिक र धार्मिक कार्यक्रममा उपस्थितिले पनि दलहरु हच्किएका छन् । यिनै दृष्यहरु पश्चात प्रचण्ड र ओलीबीच पहिलोपटक भेटवार्ता भएको हो। प्रसाईंको आन्दोलनमा ओली खलनायकको रुपमा चित्रित भएको एकथरीको बुझाइ पनि छ ।
देउवाले पछिल्लो एक सार्वजनिक अभिव्यक्तिमा धर्मनिरपेक्षता माथि बहस गर्न आफू तयार भएको उल्लेख गरेका थिए ।
देउवाको उक्त अभिव्यक्तिपछि प्रचण्ड पनि हच्किएको मनस्थितिमा रहेको उनीनिकट नेताहरु बताउँछन् । यता छिमेकी मुलुक भारतको संस्थापन र उच्च तहबाट पनि नेपालमा धर्मनिरपेक्षता हटाउन देउवासँग कुरा भएको स्रोतको भनाइ छ ।
देउवाले आफू हिन्दुराष्ट्रको पक्षमा उभिन नसकेपनि धर्मनिरपेक्षता हटाउन वचन दिएका बुझिएको छ । देउवाको यो वचनले माओवादीमा अविश्वास बढेको छ ।
केही समयअघि प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाबीच भएको अनौपचारिक भेटमा पनि देउवाले धर्मनिरपेक्षताको सन्दर्भमा समीक्षा गर्ने बेला भएको बताएका स्रोतले जनाएको छ जुन भेटमा प्रचण्डले सामाजिक सञ्जाल टिकटक बन्द गर्न माग राखेका थिए तर देउवा बन्द गर्ने पक्षमा थिएनन् ।

# सामाजिक सञ्जाल

लामो समयदेखि मुलुकको नेतृत्व गरिरहेका पुराना दलहरुलाई विवादित व्यावसायी दुर्गा प्रसाइँ समस्या बनेको देखिन्छ । केही समय यताका सरकारको निर्णय, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अभिव्यक्ति र नेकपा एमाले नेता महेश बस्नेतको निर्णयले प्रसाईं समस्या बनेकै पुष्टि हुन्छ। किनभने माइतीघरदेखि नयाँ बानेश्वरसम्म, प्रधानमन्त्रीको निवास बालुवाटार र राष्ट्रपतिको कार्यालय शितल निवास परिसरमा निषेधित क्षेत्र घोषणा गर्नुपर्ने बलियो कारण देखिदैन ।

➢ **कमल सुनुवार, सिन्धुली**

मेडिकल माफियाका रुपमा चिनिएका दुर्गा प्रसाईंले अहिलेको व्यवस्था उल्ट्याउने भनेर राजधानी केन्द्रीत प्रदर्शनको आह्वान गरेपछि यी क्षेत्रहरुलाई निषेधित क्षेत्र घोषणा गरिएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रसाईंको प्रदर्शनका विरुद्ध प्रतिवादमै उत्रने उत्रियो । युवा र विद्यार्थीलाई सडकमा उतारेर प्रसाईँलाई कलंकी क्षेत्रमा लखेट्ने काम सरकारले गरेको छ । सरकारको यो लखेटाइले राजाको प्रेतका रुपमा उभिएका प्रसाईदेखी सरकार त्रसित बनिरहेको देखिन्छ ।

➢ **विकास बुढाथोकी, मरिण**

प्रधानमन्त्री प्रचण्डले प्रसाईंकै गतिविधिलाई लिएर १२ बुँदे सम्झौताका पक्षधर दलहरुको बैठक राखेर मुलुकमा फेरी पनि सत्ता लम्ब्याउने प्रपञ्चमा उनी लागेको देखियो । अहिलेको प्रसाईको आन्दोलन हेर्दा लाग्छ, नत उनले राजा ल्याउँछन् वा व्यूताउन सक्ने कुनै हैसियतनैं बनाउन सक्नेछन् । तर उनलाई मिडियाले उछालीरहेको देख्दा लाग्छ, एक दिन राजाले फेरी टाउको भने पक्कै उठाउनेछन् ।

➢ **बिमलकुमार बराल, सिन्धुली**

एउटा व्यक्तिलाई सरकार र प्रमुख दलहरुले समस्या मानिरहेको देखिन्छ । अर्कातिर प्रसाईंले असन्तुष्ट नागरिकलाई प्रलोभन देखाएर आफ्नो कुरा राखिरहेको देखिन्छ । किनकि राजधानीको प्रदर्शनमा प्रसाईंले बैंक तथा वित्तीय संस्थाका पीडितहरुलाई ल्याएको उनका अभिव्यक्तिहरुले देखाईरहेको छ। सार्वजनिक अभिव्यक्तिहरुमा प्रसाइँले यो आन्दोलन पछाडि बैंक र वित्तीय संस्थाहरुबाट लिएको ऋण मिनाहा हुने बताएकाले पनि त्यस्तो अबस्था आएको हुनुपर्छ ।

➢ **मानछिरिङ लामा, सुनकोशी**

असंगठित व्यक्तिहरुलाई सडकमा उरालेर दुर्गा प्रसाईले राजा ल्याउने नाममा सडक आन्दोलनको नेतृत्व गरिरहेका छन् । उनको यो आन्दोलन आफ्नै स्वार्थका लागि केन्द्रीत भएको हो भन्ने तथ्य कहीं कतै लुकेको छैन ।

➢ **कमल बिशंखे, सुनकोशी**

लघुवित्त पीडितहरुको आन्दोलनका नायक दुर्गा प्रसाई थिए, र उनले राख्ने प्रदर्शनमा पीडितहरु सहभागी थिए पनि । कतिपयले प्रसाईंले पीडितहरुलाई दुरुपयोग गरेको टिप्पणी पनि गरिरहेका थिए । हुनपनि प्रसाईंले भनेजस्तो सजिलै ऋण मिनाहा हुने आधार कमजोर बनिरहेको छ । अर्कातिर सरकार र प्रमुख दलहरुले भने ती पीडित नागरिकका समस्या सम्बोधन गर्नेतिर जोड नदिएर प्रसाईंलाई समस्या मानिरहेको देखिन्छ । सरकार र संस्थापनको यो उल्टो बाटो हो भने प्रसाईंको अराजक अभियान हो । किनकि समस्या समाधानका निम्ति अनेक विकल्प हुन सक्ने भएपनि प्रसाईंले व्यवस्था र संविधानलाई समस्या भनिरहेका छन् । यी समस्याहरुको समाधान गर्ने मूल दायित्व फेरि पनि प्रमुख नेतृत्वकै हो ।

➢ **धर्मानन्द गौतम, सिन्धुली**

जबकी सत्ता र राजनीतिक नेतृत्वको प्राथमिकता अहिले दुर्गा प्रसाई नभएर आमनागरिकको समस्या हुनुपर्ने थियो । भूकम्प पीडितको जीवन रक्षादेखि शितलहर र हिमपातबाट नागरिकको जीवन रक्षा गर्दै रोजगार, सुशासन नेतृत्वको एजेण्डा बन्नुपर्ने थियो । तर नागरिकका अत्यावश्यकीय काममा जोड दिएर अगाडि बढ्नुको साटो उल्टो बाटो हिडेको देखिन्छ । त्यसैले बुझ्नुपर्ने तथ्य हो- व्यवस्था प्रसाइँको अराजक अभियानबाट होइन, नागरिकको एजेण्डा सम्बोधन नगरिदा चाहिँ उल्टिन्छ ।

➢ **प्रवेशकुमार माझी, मरिण**

तपाईं जतिसुकै प्रजातान्त्रिक, न्यायप्रेमी र क्रान्तिकारी नै किन नहुनूस्, महिलाको शरीर र आत्मसम्मानलाई व्यवहारतः सम्मान गर्ने सफा नियतको अभावमा तपाईंका सबै परिचय गौण बन्दछन् । तपाईंमा यौनजन्य हिंस्रक प्रवृत्ति छ भने र त्यसले सिर्जेका घटना सार्वजनिक भए भने तपाईंका अन्य सबै सद्‌गुण 'शून्य' मा विलुप्त हुन्छन् । त्यति मात्र होइन तपाईं पुरुषको महिलाप्रति सदाशय र मैत्रीभाव हरदम परीक्षामा छ हिजोआज । तपाईंको 'पुरुषत्व'सँगै तपाईंभित्रको मानवीय र 'न्यायिक' चरित्र नै परीक्षामा छ । हिजो थिएन भन्ने होइन, तर आज बढी छ ।
किनभने हिजो जसरी तपाईंका कर्तुत लुकाउने सजिला अस्त्र आज छैनन्, ढिलोचाँडो तपाईंको दोहोरो चरित्रको मखुन्डो खुल्छ । तपाईं प्रतिकारको निशानामा पर्नुहुन्छ । त्यसो भएको खण्डमा तपाईं सानो या ठूलो जुनसुकै स्तरको सार्वजनिक बेइज्जती खप्न तयार हुनुपर्छ, यो दाग जीवित हुँदा मात्र होइन मरणोपरान्त समेत वर्षौं वर्ष हजारौं वर्षसम्म प्रष्ट देखिन्छ ।

➢ **राधिका बढाथोकी, सिन्धुली**



**भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात**

## सम्पादकीय

# बोल्ने तर काम नगर्ने

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजधानी काठमाडौमा २ वटा प्रतिवद्धता सार्वजनिक गरे । प्रधामन्त्रीले सुकुम्बासी समस्या समाधानका लागि एक साताभित्र ऐन संशोधन गरिने र सुकुमबासी समस्या पनि समाधान हुने दाबी गरे ।

त्यस्तै स्कुलको अगाडि रहेको रुख ढलेर विद्यार्थीको मृत्यु भयो, तर रुख काट्न वनले अनुमति नदिएको भन्दै उनले भने, 'त्यसलाई बदल्ने भनेर हामीले निर्णय गरेका छौं । त्यो ऐन संशोधनपछि लालपूर्जा वितरण वा वनले रोकेको विकास निर्माणका काम हुन्छ । त्यो खुल्नेवित्तिकै ठूलो क्रान्ति हुन्छ भन्ने मेरो विश्वास छ' उनले भनेका थिए ।

प्रचण्डको प्रतिवद्धतामा वन ऐन र सुकुम्बासी समस्या तत्काल समाधान गर्ने थपिएको छ । यसअघि उद्‌घोष गरिएको निजामति सेवा ऐन अलपत्र छ । प्रहरी समायोजना हुन सकेको छैन । बोलेका प्रतिबद्धता पुरा नभएका बेला प्रचण्ड एक पछि अर्को प्रतिवद्धता जनाउन र बाचा गर्न हिच्किचाउँदैनन् ।

२०७९ पुस १० गते प्रधानमन्त्री बनेका प्रचण्डले २६ पुसमा विश्वासको मत लिएका थिए । त्यसबेला उनले प्रचण्ड मत पाए । प्रधानमन्त्री प्रचण्डले विश्वासको मत मागेको सम्बन्धी प्रस्तावको पक्षमा प्रतिनिधिसभाका २७५ सदस्यमध्ये २६८ जनाले मतदान गरेका थिए । कुल २७० जनाले मतदान गरेकोमा २६८ मत प्रचण्डको पक्षमा थियो ।

राष्ट्रपतिको निर्वाचनपछि उनले फेरि विश्वासको मत लिनु पर्‍यो । त्यसबेला एमालेसहितका दलहरुले प्रचण्डलाई विश्वासको मत दिएनन् । दुवै पटक उनले आफू काम गर्नका लागि प्रधानमन्त्री भएको बताएका थिए । ६ महिनाभित्र कानुन बनाउने भनी बिभिन्न विषयहरु राखेका थिए । त्यसमध्येको संक्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदीय समितिमा बिचारधीन छ । मनि लाउण्डरिङ सम्बन्धी विधेयक सभामा बिचाराधीन छ । अन्य कानुनहरु पनि रफ्तारमा अगाडि बड्न सकेका छैनन् । यसबीचमा महंगीले आकास छोएको छ भने अर्थतन्त्र निरन्तर ओरालो लागिरहेको छ ।

सबैतिर सरकारको आलोचनाको विषय बनिरहेको छ । जनतामा नैराश्यता बढ्दो छ । वेरोजगारी समस्या उस्तै छ । विदेशिनेक्रम रोकिएको छैन । अहिले राजावादीहरुको आन्दोलन जारी छ । गणतन्त्र र यसका चालकहरुमाथि प्रश्न उठ्न थालेको छ । तर, सरकारका कामकारबाही जनताको नैराश्यता कम गर्ने भन्दा सरकार लामो समयसम्म टिकाउने र त्यो समस्या एमाले र राजावादी (महेश बस्नेत र दुर्गा प्रसाई) को हो भन्ने तर्फ केन्द्रित छ ।

सबैतिर लथालिङ्ग अबस्थामा सरकार कछुवा गतिमा आफु सुशासन र पारदर्शिताको काम गरिरहेको ढोल पिटिरहेको छ जसले मुलुकमा अस्थिरता र अराजकता मात्रै पैदा गराउने छ । यी तमाम समस्याहरुको समाधानका लागि प्रचण्ड सरकार जिम्मेवार ढंगले अगाडि बढ्न र गरेका प्रतिवद्धता व्यवहारमा लागु गर्न जरुरी छ अन्यथा उठ्न थालेको व्यवस्था विरुद्धको आक्रोसले सबैलाई बढार्न सक्छ भन्ने तर्फ हेक्का राख्नुपर्छ ।




# बजारीकरण, बिचौलिया र नेपालका कम्युनिष्ट

नेपालको वामपन्थी आन्दोलनको सिलसिलेवार अध्ययन त मैले गरेको छैन । यदि वामपन्थी भन्नाले द्वन्द्वात्मक भौतिकवादको विश्लेषण पद्धतिमा विश्वास राख्ने, लोक कल्याणकारी राज्य र सामाजिक न्यायमा आधारित अग्रगामी प्रगतिशील सामाजिक-आर्थिक राजनैतिक रूपान्तरणका पक्षपाती, सामाजिक-आर्थिक असमानता र विभेदका विरोधी, नेपालको स्वतन्त्र र स्वाधीन अर्थतन्त्रका हिमायती, विपन्न र आधारभूत वर्गको वर्गीय हितको रक्षाका लागि राज्यको गहन दायित्व र जिम्मेवारीका पक्षधर, र संसारभर भइरहेका साम्राज्यवादी शोषण र उत्पीडनका विरोधी समूह (कम्युनिष्ट पार्टी र विभिन्न प्रगतिशील तप्का) लाई मान्ने हो भने तिनका केही सबल र कमजोर पक्ष औंल्याउन सकिन्छ । तर वामपन्थीहरू भित्रै सोच र व्यवहारको यति ठूलो भिन्नता आइसकेको छ कि आफूलाई वामपन्थी भन्ने दल वा समूह कुन हद सम्म वामपन्थी हुन भन्ने प्रश्न खडा भइसकेको छ । कम्युनिष्ट पार्टीहरू बजारीकरण गर्नका निम्ति स्थापित ब्रान्ड जस्तै हुन पुगेका छन् जहाँ वामपन्थीका नाममा चरम दक्षिणपन्थी कारोबार हुने गर्छ । द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने दलको नेतृत्व पङ्ति जब रामधाम रथयात्रामा रमाउन सुरु गर्छन् वा पुराणवाचनमा मुख्य वक्ता बन्छन् वा बिचौलियाका सहजकर्ता र नाइके बन्छन् र ती दलका हजारौं कार्यकर्ता र फुच्चे नेताबाट ती कार्यहरूको अन्ध समर्थन हुन्छ, त्यस्ता दल र तिनका नेता र समर्थकलाई के भन्ने ? भारतीय हिन्दुवादी दल बिजेपिका समर्थक कि नेपाली समाजको प्रगतिशील रुपान्तरणका पक्षपाती ? यसैले यो सबल र निर्बल पक्षलाई दुई तहमा हेर्नु उपयुक्त हुन्छ - पहिलो वामपन्थी दल वा समूहका लिपिबद्ध बैचारिक-नीतिगत अडान र दोस्रो ती दल वा समूहहरूको यथार्थ व्यवहार र आन्तरिक जीवनको पक्ष ।

नेपालका वामपन्थीहरूले सुरुदेखि नै नेपाली राष्ट्रवाद, खासगरी नेपालको राष्ट्रियता, राष्ट्रिय सार्वभौमिकता र अखण्डताका पक्षमा स्पष्ट अडान राख्दै आएका छन् । नेपालको राष्ट्रिय सार्वभौमिकता सौदाबाजीको विषय हुन सक्दैन भनेर वामपन्थीहरूले सुरुदेखि नै आफ्नो आवाज बुलन्द गरेका हुन् । अन्तर्राष्ट्रिय साम्राज्यवादको विरोध, भारतीय विस्तारवादको विरोध र पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिका पक्षमा नेपालका वामपन्थी समूहहरू सँधै मुखर रहँदै आएका छन् ।

**☐ प्रेम दाहाल**

सन १९५० मा नेपाल र भारतका बिच भएको असमान शान्ति तथा मित्रताको सन्धिको विरोध गर्ने पहिलो लहरमा वामपन्थीहरू नै थिए । नेपाली कांग्रेसलाई साक्षी राखेर राजा र राणाहरूका बिच भएको ऐतिहासिक दिल्ली सम्झौताको सुरुदेखि नै नेपालका वामपन्थीहरूले विरोध गर्दै आएका हुन् र २००७ सालको तथाकथित क्रान्तिको अपूर्णताको उद्घोष वामपन्थीहरूले नै गरेका हुन् । त्यस्तै स्वदेशमा रोजगारीका अवसरको विस्तार गर्नुको साटो गोर्खा भर्तीलाई अनुमति दिएर नेपालीहरूलाई विदेशी साम्राज्यवादीहरूका सेवामा समर्पित गर्नु राष्ट्रिय हितका पक्षमा नहुने वामपन्थीहरूको सुरुदेखि कै तर्क आज पनि त्यत्तिकै सान्दर्भिक छ । सुरुदेखि नै नेपालका वामपन्थीहरूले नागरिक स्वतन्त्रताका लागि संघर्षको उद्घोष मात्रै गरेनन् अपितु त्यसलाई वर्गीय मुक्तिको आन्दोलनसँग जोड्ने कामको थालनी पनि गरेका हुन् । मजदूर र किसानका हकहितको रक्षा, महिला अधिकारको सुनिश्चितता, विपन्न र आधारभूत वर्गप्रति राज्यको दायित्व र निःशुल्क आधारभूत शिक्षाको पैरवी पनि वामपन्थीहरूकै अगुवाइमा भएको हो । देशव्यापी रुपमा नभए पनि ठाँउ-ठाउँमा मजदूर र किसानहरूलाई संगठित गर्ने र चेतना जगाउने कार्यमा वामपन्थीहरू सुरुदेखि नै लागि परेका हुन् । नेपाली अर्थतन्त्रको संरचनात्मक समस्या - भूमिको असमान वितरण -लाई परिवर्तनको मूल मुद्दाका रूपमा वामपन्थीहरूले जोडदार ढङ्गले उठाएका हुन् । त्यस्तै सन् १९८० पछि पुँजीवादको वकालत गर्ने अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूद्वारा अनुमोदित संरचनात्मक समायोजन अन्तर्गत नवउदारवादी बजारमुखी नीतिहरूले राष्ट्रिय अर्थतन्त्र र खास गरी विपन्न र आधारभूत वर्गहरूको जीविकामा पार्ने नकारात्मक प्रभावलाई लिएर आलोचना पनि वामपन्थीहरूबाटै भएको छ । एक हिसाबले भन्ने हो भने सङ्घीय गणतन्त्र नेपालको संबिधानमा प्रत्याभूत गरिएका समाजवाद-उन्मुख हुनका लागि अपरिहार्य नीति र प्रतिवद्धताहरूको प्रमुख श्रेय पनि वामपन्थीहरूलाई नै जान्छ । समानुपातिक राजनैतिक प्रतिनिधित्व र सङ्घीय शासन प्रणालीको बलियो वकालत वामपन्थीहरूले नै गर्दै आएका छन् ।

माथि गरिएका वामपन्थीहरूको राष्ट्र र जनमुखी अडानलाई व्यवहार र कार्यान्वयनको कसीमा हेर्ने हो भने यता केही दशकदेखि परिदृश्य निक्कै फरक देखिन्छ । महाकाली सन्धिले वामपन्थीको राष्ट्रवादी अडानमा प्रश्न उठ्यो । गोर्खा भर्ती वामपन्थीहरूको एजेण्डाबाट करिब करिब गायब नै भइसक्यो । सामाजिक विभेद र छुवाछुत विरुद्धको वामपन्थी अडान व्यबहारमा पाखण्ड नै देखिन्छ किनभने ती मुद्दा लिएर वामपन्थी दलहरू कहिल्यै आन्दोलित नै भएनन् । उल्टै वामपन्थी दल र समूहका नेता-कार्यकर्ता नै विभेदकारी रहेका छन् । दलित र महिलाको समानुपातिक प्रतिनिधित्व आलंकारिक मात्रै छ । दलित, महिला, जनजाति र मधेसी जन साधारणलाई सशक्तीकरण गर्ने काम त ब्यापक सामाजिक अर्थमा भएकै छैन भन्दा अत्युक्ति हुँदैन । भूमि सुधारको नारा वामपन्थीहरू बिच प्रिय भए पनि एउटा मूर्त नीति र कार्यक्रम कुनै पनि वामपन्थी दल वा समूहले अहिलेसम्म मुखरित गर्न सकेका छैनन् र "वैज्ञानिक" भूमिसुधारको अर्थ अझै अस्पष्ट नै रहेको छ । आधारभूत शिक्षा-स्वास्थ्य जस्ता संविधान प्रदत्त अधिकारहरू समेत व्यवहारमा सुलभ छैनन् । कतिपय निजी शिक्षा र स्वास्थ्य सेवाहरू वामपन्थी नेता, कार्यकर्ताद्वारा नै सञ्चालित, संरक्षित छन् । नवउदारवादका विरोधी वामपन्थीहरूको आफ्नै सरकार हुँदा समेत विकल्पको कुनै संभावित खाका समेत दिन सकिरहेका देखिएनन् । श्रम रोजगारीका निम्ति विदेशीनुपर्ने बाध्यताको विकल्पमा आयमूलक रोजगार वृद्धिका निम्ति कार्यान्वयन गर्न सकिने ठोस र व्यवहारिक सोच अगाडि छैन । न बढ्दो सहरीकरणले ल्याएका विसङ्गतिहरूलाई सम्बोधन गर्ने वामपन्थीहरूको रणनीति नै स्पष्ट छ । वामपन्थीहरूद्वारा प्रस्तावित तथाकथित तीनखम्बे नीतिका बाबजुद सहकारीको उपादेयता उत्पादन, वितरण वा आधारभूत सेवा यी तिनै क्षेत्रमा देखिन्न जब कि सबैभन्दा बढी बचत-ऋण सहकारी वामपन्थी समर्थककै छ । कृषि, पूर्वाधार, उद्योग, जुनसुकै क्षेत्र हेरे पनि राष्ट्रिय पुँजिलाई प्रोत्साहन गर्ने वामपन्थी नीति विभिन्न क्षेत्रका बिचौलियाको पृष्ठपोषण मै सिमित छ । वास्तबमा सरकारमा वा विपक्षमा वामपन्थीहरूको वर्चश्व रहेको बिगत तिन दशकको राजनीति र विकासको दिशा र गतिलाई नियाल्दा देशको प्रगतिशील रूपान्तरण कोरा नारा मै सिमीत रहेको यथार्थ झल्किन्छ । नेपाली बामपन्थी दलहरूको आन्तरिक जीवन समस्याग्रस्त देखिन्छ । जनवादी केन्द्रियता अब नारामा सीमित रहेको छ ।

महत्वपूर्ण नीतिगत विषयमा तल्लो तहसम्म खुला छलफल र बहस गरिने, निश्कर्ष निकाल्ने र त्यसलाई केन्द्रियताका आधारमा कार्यान्वयन गर्ने अर्थमा पार्टीहरू जनवादी रहेनन् । सैद्धान्तिक बहस, दुई लाइन संघर्ष त इतिहास भए । वामपन्थीहरूको दलीय नेतृत्वमा जनमुखी भन्दा जमिन्दारी प्रथा देखियो । पद र अधिकारको मोल-मलाइ र सत्ता र सुबिधा लोलुपता दलका केन्द्रीय नेतृत्व तहको प्रमुख चासोका विषय बने । आन्तरिक लोकतन्त्र कोमामा पसेको छ र दलभित्र बहसको परम्परा मृत प्रायः भइसकेकाले अध्ययन र अध्ययनशीलताको कुनै अर्थ छैन । ल्यारक्याल, दुर्गा प्रसाई, व्यापारी बिनोद चौधरी र गोल्छाहरु त्यसैका उदाहरण हुन् ।

वामपन्थी पार्टीको आधारशिला भनेको विपन्न र आधारभूत वर्ग हो भनिन्छ तर यस वर्गको प्रतिनिधित्व तल्लो तहदेखि माथिसम्म बिरलै भेटिन्छ । यसरी पार्टिहरूको सबै तहको नेतृत्व क्रमिक रूपले बिचौलिया मध्यम वर्गतिर साँघुरिंदै गएको छ । "आँधी एकातिर पुल अर्कैतिर" भन्ने पश्चिम पहाडको उखान पार्टीको आन्तरिक जीवनमा चरितार्थ भइरहेछ । यो हुनुको आफ्नै तर्क पनि छ - पुँजीवादी प्रणालीमा पुँजीका आधारमा प्रतिस्पर्धा हुने निर्वाचनमा पुँजीपतिले नैं जित्छ ! यसैले चुनाव जित्नु र अर्को चुनावका निम्ति आर्जन गर्नु उम्मेदवारहरूको मुख्य ध्येय भएको छ । घोषणापत्र हात्तिको देखाउने दाँतमा सीमित देखिन्छ । वामपन्थीहरू बिच बस्तुनिष्ठ अध्ययनको खडेरी देखिएको छ । नेपालको बदलिँदो वर्गीय संरचना, नेपालको जातीय र वर्गीय परिवेशको सामञ्जस्य, पुँजीवादतिरको नेपालको संक्रमणले निम्त्याएका प्रगतिशील रुपान्तरणका समस्या र सम्भावना, सामुहिकतामा आधारित आर्थिक विकासका विविध उपायहरू र अन्तर्राष्ट्रिय अनुभवको सन्दर्भ, सामाजिक विभेद र छुवाछुतका विरूद्धको आन्दोलनको स्वरूप र राजनैतिक-आर्थिक नीतिहरूको तादात्म्य - यी कुनै पनि विषयमा गम्भिर बहस र अध्ययन दल वा ती निकट बुद्धिजीवी समूहहरूबाट भएको देखिन्न ।

# न्यायालयमा राजनीतिको बिजारोपण

**☐ कृष्ण गौतम**

न्याय परिषदले सर्वोच्च अदालतमा ६ जना र उच्च अदालतमा ६ जना न्यायाधीश सिफारिस गरेपछि न्यायालयमा बढेको सत्ता राजनीति सतहमैं देखियो ।

सिफारिस भएका व्यक्तिहरुबारे खासै समस्या देखिएको छैन । यदि भएपनि सुनवाई समितिमा सिफारिस भएकाहरुले जवाफ दिनुपर्नेछ, त्यसै अनुसार प्रक्रिया अगाडि बढ्नेछ । तर सिफारिसको आधार व्यक्तिको योग्यता मात्रै नभएको कसैसामु लुकेन । प्रमुख राजनीतिक दलहरुबीच भागबण्डाका आधारमा न्यायाधीश सिफारिस भएपछि उनीहरुले दिने न्याय दलका नेताको आदेश भन्दा बाहिर जान्छ र ? भन्ने प्रश्न विगतदेखीनैं नउठेको होइन । यसअघि पनि त्यसरी नै न्यायाधीश सिफारिस हुँदै आएकाले त्यसलाई ठूलो विषय मानिएन तर कतिसम्म भने सिफारिस भएका न्यायाधीशहरु कुनै बेला पार्टी कार्यालय पुगेर धन्यवाद दिएको विगतको विषयले भने सधैं चर्चा हुने गर्छ । अझ सर्वोच्च अदालतको नेतृत्वमा आफूप्रति रुझान राख्ने व्यक्ति लैजाने राजनीतिक नेतृत्वले प्रयत्न गर्दै आएका छन् ।

यसरी सर्वोच्च अदालत जस्तो स्वतन्त्र र निष्पक्ष निकायमा समेत दलीय भागबण्डा हुनु जस्तो बिडम्बना अर्को हुन सक्दैन । तर भइरहेकै छ । न्यायालयमा भागबण्डा गर्न तयार हुने दलहरुबीच राज्यका अरु निकायलाई पनि भागबण्डा गर्दै आएका छन् । भागबण्डा नमिलेसम्म सिफारिस नै नगर्ने प्रवृत्ति निकै पुरानो हो । जसको ज्वलन्त उदाहरण बनेको छ, त्रिभुवन विश्वविद्यालय । अहिले त्रिवि कार्यबाहक उपकुलपतिको नेतृत्वमा चलिरहेको छ । तर सरकारले उपकुलपति नियुक्त गर्न सकेको छैन । प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति रहने वैधानिक व्यवस्था रहेपनि विश्वविद्यालयको कार्यकारी नेतृत्व उपकुलपति गर्छन् । त्यसैले त्रिविलाई नेतृत्व तत्काल आवश्यक छ । तर दलहरुबीच भागबण्डामा कुरा मिल्न नसक्दा मुलुककै ठूलो र पुरानो विश्वविद्यालय कार्यबाहक नेतृत्वबाट चलिरहेको छ ।

बाँकी संवैधानिक निकाय पनि राजनीतिक भागबण्डाका आधारमा चल्न थालेको धेरै भइसक्यो । तर राजनीतिक नेतृत्वले यस्तो प्रवृत्ति सच्याउने प्रयत्न समेत गरेको देखिदैन । बद्‌नाम हुन तयार हुने, तर गलत प्रवृत्ति सच्याउन राजनीतिक नेतृत्व तयार नरहेको प्रमाण सर्वोच्चमा न्यायाधीश नियुक्तिले पुष्टि गरेको छ । जबकी राजनीतिक दलहरुको भागबण्डाको प्रवृत्तिविरुद्ध जनमत लगातार बढिरहेको छ । गत वर्ष स्वतन्त्र र नयाँ राजनीतिक शक्तिको उदय पनि दलहरुको कार्यशैलीप्रति नागरिक वितृष्णाको उपज थियो । कतिसम्म भने पुराना र मुख्य दलहरुप्रति नागरिक वितृष्णा बढेर जाँदा व्यवस्थाविरुद्ध हुने गतिविधिमा समेत नागरिक समर्थन बढ्दो छ । तर राजनीतिक नेतृत्वमा सुधार देखिएको छैन, जसको असर व्यवस्थामाथि पर्ने खतरा छ ।

# शीत भण्डारणमा लगानी: वालुवामा पानी !


**सिन्धुली**/ बागमती प्रदेश सरकारले योजनाबद्ध विकासको अभ्यास थाले को ६ वर्ष बितिसकको छ । अबौं लगानीमा विषेश महत्वका साथ प्रदेश सरकारले सञ्चालन गरेका आयोजनारुमा गरेको लगानी बालुवामा पानी हालेझैं बनेकाछन् । प्रदेश सरकारले योजना थाल्नु अगाडि यसले प्रदेशको कृषि केन्द्रीत अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै नागरिकको कृषिप्रतिको आकर्षण बढाउन र त्यसबाट बजार को आकांक्षालाई पूरा गर्ने लक्ष्य निकै तामझामका साथ फर्माइएको थियो तर जब तिनै योजनाहरु अलपत्र परे त्यसपछि भने प्रभाव र दबाबमा सञ्चालनमा ल्याएका योजनाहरुले स्वयमं प्रदेश सरकार लाईनैं गिज्याइरहेको छ ।

जथाभावी रुपमा संघीय सरकारले साना योजना पठाइरहेको छ भने प्रदेश आफैं पनि खल्ती, भनसुन, चिनजान र एसएमएसबाट टुक्रे योजना हाल्ने खराब प्रवृत्तिमा केन्द्रित भएको अलपत्र शीत भण्डारण निर्माणको पछिल्ला बिबरणले देखाएको छ ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ बाटै प्रदेशका १३ जिल्लामा शीत भण्डार निर्माण थालिएको भएपनि हालसम्म ९० प्रतिशत योजना अलपत्र अवस्थामा रहेका छन् भने स्थानीय सरकारको शिफारिशका आधारमा ठेकेदारले निर्माण सम्पन्न भएको कागजातका आधारमा भुक्तानीभने लिएर गइसकेका छन् ।

प्रदेशको साबिकको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा व्यावसायिक कृषकलाई लक्षित गरी शीत भण्डार निर्माणको काम सुरु गरे पनि हालसम्म एउटा मात्र प्रयोगमा आएको छ । मन्त्रालयले स्थानीय सहकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारीमा शीत भण्डार निर्माण अघि बढाएको थियो । प्रदेश सरकारले सहकारी निजी सहकार्यमा कुल लागतको निश्चित प्रतिशत रकम व्यहोर्ने गरी भण्डार निर्माणको सम्झौता गरेको थियो ।

हालको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र साझेदार संस्थाको सहकार्यमा निश्चित रकम साझेदार संस्थाले व्यहोर्ने गरी संयुक्त लगानीमा भण्डार निर्माणको काम सुरु गरिएको भएपनि त्यसको भरपर्दो अनुगमन नहुँदा ९७ करोड ८३ लाख ६३ हजार रुपैयाँ लागतमा प्रदेशमा निर्माण सम्पन्न भएका भनिएका १० वटा शीत भण्डारण गृह प्रयोगहिन बनेको छ तर बागमती प्रदेश सरकारले दबाब र प्रभाबमा परेर अलपत्र शीत भण्डारणको रकम ठेकेदारपक्षलाई निकासा दिइरहेको छ । गत आर्थिक वर्षमा मात्र मन्त्रालयले ६३ करोड ९८ लाख २५ हजार रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी गरिसकेको र बाँकी रकम यसै आर्थिक वर्षमा निरन्तर भुक्तानी दिइरहेको मन्त्रालयका एक अधिकारी ले समयवद्ध साप्ताहिकलाई बताए । सिन्धुलीको सुनकोशी गाउँपालिका ५ मुलकोटमा निर्माणाधिन शित भण्डारणले अहिले प्रदेश सरकार मात्रै होइन, निर्माण सम्पन्न भयो भनेर शिफारिश गर्ने स्थानीय सरकारलाई पनि गिज्याईरहेको छ । गाउँपालिका उपाध्यक्ष एवम् कृषि समितिका प्रमुखसमेत रहेका कपिल कोइरालाले पालिकाबाट शीत भण्डारण सम्पन्न भएको भन्दै भुक्तानीका लागि ठेकेदारले पत्र लगेको ६ महिना भन्दा बढी भइसकेपनि



अहिलेसम्म त्यसलाई प्रयोगमा ल्याउन नसकिएको बताउँछन् । आलु भण्डारण गर्ने बेला भइसक्यो, ठेकेदारले भुक्तानी पनि लगिसक्यो तर अहिलेसम्म त्यसलाई सञ्चालनमा ल्याउन सकिएन । मुकुटेश्वर बहुदेश्यीय कृषि सहकारी संस्था र सुनकोशी गाउँपालिकाको साझेदारी मा निर्माण भएको भनिएको शीत भण्डारण ठेकेदारलाई सोध्दा काम सकिएको छ भन्छ तर मन्त्रालयले अहिलेसम्म सञ्चालन गर्नका लागि पालिकालाई जिम्मा लगाएको छैन । दबाब र प्रभावमा परेर सम्पन्न भएको कागजातहरु प्राप्त भएपछि मन्त्रालयले भुक्तानी गरेपनि फिल्डको अबस्था हेर्दा फरक देखिएपछि त्यसलाई पनि अधुरो योजनाको रुपमा राखिएको कृषि मन्त्रालयका अधिकारीको भनाई छ ।

रसुवाको जिल्लाको कालिका गाउँपालिका वडानं. २ धैबुङकी उपाध्यक्ष मिरा तामाङका अनुसार प्रदेश सरकारको लगानस्मा निर्माण सम्पन्न भएको भनिएको शीत भण्डारण केही दिन सञ्चालनमा आएपनि त्यो अहिले बन्द भएको छ । दक्ष प्राविधिकको अभावमा अहिले उक्त शीत भण्डारण प्रयोगहिन भएको उनको भनाई थियो । उनी अगाडि भन्छिन्: हामी त्यसलाई सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छौं केही प्राविधिक समस्या छ ।

दोलखाको जिरी नगरपालिका- वडा नं. ५ मा निर्माणाधिन शीत भण्डारण पनि अलपत्र अबस्थमा छ । सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका वडा नं.७ र इन्द्रावती गाउँपालिका वडानं. ७, रामेछापको मन्थली नगरपालिकावडा नं. १, दोलखाको भीमेश्वर नगरपालिका वडा नं. ८ को शीत भण्डारणको अबस्था पनि अन्यको भन्दा पृथक छैन। शैलुङ गाउँपालिकाका अध्यक्ष रिमलबाबु श्रेष्ठले किसानहरुलाई निःशुल्क रुपमा आलु भण्डार गर्न आग्रह गरे पनि कसैले चासो नदिएको बताए । उनले शीत भण्डार सञ्चालनका लागि मासिक लाख खर्च भइरहेको छ, तर त्यसको उपयोगिता घटिरहेको खुलासा गरे । काभ्रेको बनेपा नगरपालिका वडा नं. ७, चितवनको खैरहनी नगरपालिका वडा नं. ६, धादिङको बेनीघाट रोराङ गाउँपालिका वडा नं. ७, नुवाकोटको विदुर नगरपालिका वडा नं. ५ र बेलकोटगढी नगरपालिका वडा नं. १० मा बागमती प्रदेश सरकारले एकै साथ शीत भण्डारको निर्माण सुरु गरेको थियो ।

मन्त्रालयका अधिकारीले अहिलेसम्म रसुवाको कालिका गाउँपालिका धैबुङमा निर्माण भएको शीत भण्डारण मात्र सञ्चालनमा रहेको जानकारी दिएको छ। डोरमणी पौडेल नेतृत्वको तत्कालिन बागमती प्रदेश सरकार स्थापना भएसँगै पहिलो बजेटमै किसानहरुलाई लक्षितगर्दै शीत भण्डारण निर्माणको कार्यक्रम समावेशगर्दै डीपीआर तयार पारेर ठेक्का आह्वान गरिएको थियो । ठेक्का आह्वान गरेको करिब ६ महिनापछि प्रदेश सरकारले भण्डार निर्माणको शिलान्यास गरेको थियो । प्रदेश सरकारले अधिकांश भण्डार को निर्माणका लागि दुई वर्षको समयसीमा दिएर ठेक्का सम्झौता गरेको थियो । उक्त सम्झौताअनुसार १० भण्डार २०७८ सालमै सम्पन्न भई हस्तान्तरण भइसक्नुपर्ने हो । तर, ती भण्डारको भौतिक संरचनाको निर्माणको काम अझै बाँकी रहेको पाइएको छ ।

बागमती प्रदेश सरकार स्थापनाकै वर्ष निकै तामझामका साथ कृषि क्षेत्रमा गेम चेन्जर प्रोजेटको रूपमा अघि सारेको शीत भण्डारण निर्माण योजना पुरा भएको भनिएपनि केही प्राविधक कठिनाइका कारणले पनि स्थानीय सरकारलाई हस्तान्तरण गर्न नसकिएको बताइएको छ ।

डोरमणी पौडेल नेतृत्वको प्रदेश सरकारले १२ वटा योजनाहरु अगाडि बढाएको थियो । कालिका गाउँ पालिका धैबुङको भण्डार निर्माणका लागि मन्त्रालय र साना किसान कृषि सहकारी संस्थासँगको साझेदारीमा तीन सय टन क्षमताको भण्डार ३ करोड ७० लाख ३५ हजार रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको हो । यस्तै जिरी नगरपालिका, लिसंखुपाखर गाउँपालिकामा निर्माण धिन शीत भण्डारण पनि सञ्चालनको पर्खाइमा छ ।

मन्थली नगरपालिकामा गत वर्षनैं निर्माण पुरा भएको दाबी गरिएको छ तर स्थानीय निकायलाई हस्तान्तरण नगरिएपछि भने त्यसले सन्देह पैदा गराएको उपप्रमुख इश्वरी बस्नेतले बताइन् । किसानका लागि निर्माण गरिएका यस्ता योजना प्रयोगहिन हुनु राम्रो नभएको र त्यसले प्रदेश सरकारकै लापरबाही झल्काउने उनको भनाई थियो ।

# आर्थिक सम्वृद्धिका लागि फिक्कलमा लगानी सम्मेलन




**सिन्धुली**/ फिक्कल गाउँपालिकाले गाउँपालिकाको आर्थिक सम्वृद्धिका लागि लगानी सम्मेलन गर्ने भएको छ । मंसिर १३ र १४ गते फिक्कल गाउँपालिकामा लगानी सम्मेलन गर्न सिन्धुलीमा पत्रकार सम्मेलनगर्दै लगानी सम्मेलन बारे जानकारी गराएको छ ।

'हाम्रो सपना, उद्देश्य, लक्ष्य, गन्तव्य एउटै छ, 'समृद्ध फिक्कल, सुखी फिक्कलबासी' भन्ने नारा सहित आन्तरिक तथा बाह्य लगानी भित्राउने र लगानीकर्तालाई आकर्षित गर्ने उद्देश्यका साथ लगानी सम्मेलनको आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष पार्वती सुनुवारले बताइन् । कृषि, उद्यमशीलता, शिक्षा, स्वास्थ्य, पर्यटन, साहसिक पर्यटन, औद्योगिक क्षेत्र, हस्पिटालिटी लगायतका दर्जन बढी क्षेत्रमा लगानी गर्न सकिने पहिचान गरिएको उहाँले पत्रकार सम्मेलनमा जानकारी दिए ।

आर्थिक सम्बृद्धि र लगानीको सम्भावनाको खोजी र लगानीको वातावरण निर्माण गर्न, स्थानीय साध स्रोत र सीपको अधिकतम उपयोग मार्फत लगानीको वातावरण सिर्जना गर्न, कृषि उत्पादन वृद्धि, ग्रेनिङ, प्रोसेसिङ, प्याकेजिङमा आकर्षित गर्न, उद्यमशील क्षेत्रमा रूपान्तरित गर्ने सम्भावनामाथि छलफल गर्ने लगानी सम्मेलन प्रभावकारी हुने बताइन् । लगानी सम्मेलन मार्फत न्यूनतम ५० अर्ब लगानीको वातावरण सिर्जना हुने गाउँपालिकाले अपेक्षा लिएको छ । सहकारी, उद्योग, वाणिज्य लगायत आर्थिक क्षेत्रमा विकासको सम्भावना पहिचान गर्ने, गाउँपालिकालाई सांस्कृतिक, पर्यटकीय र सम्पदा क्षेत्रमा रूपान्तरित गर्ने लगायतका उद्देश्यहरू समावेश गरि सम्मेलनको आयोजना गरेको बताइएको छ ।

लगानी सम्मेलनमा कार्यपत्र प्रस्तुत र छलफल, लगानी कर्ता सँग घोषणा र सम्झौता गर्ने कार्यक्रम तय भएको फिक्कल गाउँपालिका उपाध्यक्ष राजु बरालले जानकारी दिए । यसका साथै फिक्कल गाउँपालिकाले रोजगारी सिर्जना गर्न स्थानीय स्रोत साधनको परिचालन हुने उनले विश्वास व्यक्त गरे । लगानी सम्मेलनले आर्थिक समृद्धि र लगानीका अन्य सम्भावनाका आधारहरू तय गर्ने उहाँको भनाई छ । यहाँका निजी क्षेत्र र देश बाहिरका निजी क्षेत्र बिचको सम्बन्ध विस्तार गराउन पनि यस सम्मेलन फलदायी हुने उनको भनाई छ । लगानी सम्मेलन सफल बनाउन उहाँले सरकारी निकाय, निजी तथा गैर सरकारी संस्था, उद्यमी, व्यवसायी, लगानी कर्ता लगायत सबै मा उहाँले अनुरोध गरे ।





डेंगी ज्वरो
(Dengue Fever)

परिचय
डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

लामखुट्टेले टोक्ने समय
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान
एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फूल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



लक्षणहरु
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :
- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा बिबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ बान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

डेंगी ज्वरोको उपचार
- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ ।

बच्ने उपाय
डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:
- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

निलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङ

# कुमार काफ्लेको कथा : भौंतारिएको त्यो रात

बिहान पाँच बजे होइन आठ बजे उठें । हिजो बेलुका साथीहरूसँग पिएको मदिराले अहिलेसम्म टाउको रिङ्ग्याइरहेको थियो। त्योभन्दा बढ्ता त मलाई ग्लानि महसुस भइरहेको थियो। मैले अत्यधिक मदिरापान गरेको थिएँ र गोपनीयताको सीमा नाघेर बोल्न मलाई कुनै सङ्कोच लागेको थिएन। म साथीहरूको उक्साहटमा लागेर हो या मनको पीडा ओकल्न उपयुक्त लागेर हो, त्यस्तो बेला चाहेकोभन्दा बढी खुल्छु । जब सामान्य अवस्थामा फर्किन्छु अनि पश्चात्तापको भुमरीमा जल्न थाल्छु । पिएको भोलिपल्ट हरेक बिहान म अबदेखि पिउँदिनँ भनेर मनमनै सोच्छु र आफैँलाई धिक्कार्दै काममा लाग्छु। परन्तु विगत केही वर्षदेखि मेरा अधिकांश साँझ मधुशालामा बित्न थालेका छन्।

जिन्दगीको धेरै समय गाउँमै बिताए पनि काम विशेषले बेलाबखत राजधानी पनि गइरहन्थें। पाँच छ महिनादेखि मेरो मनमा एउटा कुरा खेलिरहेको थियो । यता साहिँलीको भट्टीमा तुम्बा तान्नु र सहरका झकिझकाउ रेस्टुरेन्टमा हार्ड ड्रिङ्क गर्नुमा के भिन्नता होला भनेर मनमा कौतूहल थियो । काठमाडौँ जाँदा जसरी पनि त्यस्ता आकर्षण रेस्टुरेन्टमा छिर्ने विचार गरेको थिएँ। त्यसैले गाउँमा खाएको उधारो नतिरी पैसाको जोहो गरेर म राजधानी छिरेको थिएँ।

केही दिन भेटघाट, गफगाफ र दौडधुपमै व्यस्त भएँ । धनी साथीहरूको सङ्गतले म शहरलाई उनीहरूकै नजरले शालीनतापूर्वक नियालिरहेको थिएँ। काठमाडौँ पुगेको छैटौं दिन घाम क्षितिजमा डुबेको एक घण्टा ज्यादा भएको हुँदो हो। म सुनधाराबाट आरएनएसीको बाटो हुँदै जमलतिर लम्किँदै थिएँ।

"ए दाइ यता सुन्नुस् त"

म आवाज आएतिर फनक्क फर्किएँ, कारण त्यो स्वरमा त्यस्तो विशेषता थियो जसको छनक यसै पाइहालिन्छ। ती षोडशीको पहिरन र श्रृङ्गारपटार विशिष्ट खालको थियो पेसा सुहाउँदो। मैले खासै चासो दिइनँ तर उनी आफ्नो मूल्य घटाउँदै थिइन्। मलाई रक्सीको तलतल लागेको थियो त्यसैले उनलाई बेवास्ता गरेर अगाडि बढेँ।

धेरै अगाडि बढ्दा पनि रक्सी खाने ठाउँ नभेटेपछि मैले हिँडाइको गति अझ तेज पारें। मूल सडकबाट भित्र छिरें र दायाँतर्फको रेस्टुराँमा पसें। चम्किलो कलेजी रङको भित्तो, मधुरो प्रकाश र प्राय टेबलहरू खाली थिए। केही क्षणमा नै टिमिक्क परेको सेतो सर्ट र नीलो मिनिस्कर्ट लगाएकी वेट्रेस अर्डर लिन छेउमा आइन् र मैले भनेअनुसार टिपेर हिँडिन्।

म सुनौलो रङले भरिएको गिलास अगाडि रेस्टुराँको कुनामा थिएँ र सामान्य औपचारिकता पूरा गरेर ती वेट्रेस सामुन्नेको मेचमा आएर थ्याच्च बसिन् । मेरा मातिएका नजर गिलासमा भन्दा उनीतिर सोझिए । उनको हाउभाउ, कुरा गर्ने शैली, पोटिला स्तन र आधा नछोपिएका तिघ्रामा मेरो विशेष ध्यानाकर्षण भयो । नबाँधिएको थलथले कपालमा हल्का चम्किलो रातो मेहन्दी लगाइएको थियो र त्यो रातको मधुर रङ्गिन प्रकाशमा अनौठो तरिकाले टल्किएको थियो। रातराता ठिक्कका सपाट गाला, झण्डै अलिक साना आँखा, चुच्चो नपरेको नाक र लवजले उनी मङ्गोलियन पुर्खाकी सन्तति हुन् भनेर ठम्याउन मलाई कुनै कठिनाइ परेन।

त्यो साँझ पिउने र गफ गर्ने दुवै काममा तिनले भरपुर साथ दिइन्। तर जसरी साथीहरूसँग खुल्थें त्यसरी खुल्न सकेको थिइनँ।अप्रकट रूपमै मनभरि कुरा खेलाइरहेको थिएँ । केही घण्टाअघि टुँडिखेलको बारमा प्रस्ताव राख्ने केटी र अहिले मेरोसामु बसेकी बेराको तुलना गरें। निकै बेर बसें र निकै रक्सी पिएँ। केही रमाइला र केही अश्लील कुरहरू भए तर रात बिताउने कुरा न मैले गरें न त उसले नै गरी ! बरु अघिकै केटीले कति सजिलैसँग कुरा गर्दै आफ्नो शरीरको मूल्य निर्धारण गरेकी थिई। बिल तिरें र फिर्ता पैसा उसैलाई टिप्स छोडेर बाहिर निस्कौँ आजको रात मेरो वास लैनचौर बस्ने एउटा साथीकोमा निधो भएको र मलाई त्यता जान अबेला हुन लागिसकेको थियो । मूल सडकमा निस्केपछि मेरो मन साथीको कोठातिर जानै मानिरहेको थिएन । घरी थलथले कपाल भएकी हिस्सी परेकी रेस्टुराँकी बेरालाई सम्झन्थें त घरी रत्नपार्कमा 'ए दाइ यता सुन्नुस् त' भन्ने तरुनीलाई सम्झन्थें।

रातो रानी फूले झैँ साँझमा,
तिमी फुल्यौ कलेजी माझमा।

मनको रहर, कान्छीलाई घुमाउने 'डेनी डेङ्जोम्पाको गीत गुनगुनाउँदै म फेरि रत्नपार्कतिर लागें।

साँझमा बोलाउने केटीलाई धुइँपत्ताल खोजें, अहँ भेटिनँ त ।

बरु अनेक रूप र रङका फरक खालका मान्छे भेटें । स्वर केटाको तर शारीरिक बनोट दुरुस्तै केटी ! मेरो छेउमा आएर इत्तरिँदै अश्लील कुरा गर्न थाले । मलाई उनीहरूको व्यवहार ठ्याप्पै मन परेन, आकर्षित हुने त कुरै भएन । मन नपरेर कहाँ सुख पाउनु र ! उनीहरूमध्ये एकले त मेरो शरीरमा कताकता छुन, समाउन पो खोज्छन् बा ! म उदेक मान्दै त्यहाँबाट छिटोछिटो हिँडे, हिँडे के भन्नु भागें । अलिक पर पुगेर पुलुक्क पछाडि फर्केर हेरें धन्न पछ्याएनन् । मनभरि कुरा खेलाउँदै म आएकै बाटो फर्किएँ र अघिकै रेस्टुराँमा एक प्याक थपेर रातकी रानीसँग गफिने विचार गरें।

म रक्सीले भ्याप्प हुँदै गइरहेको थिएँ । मेरो तन कान्तिपथमा पाइला नाप्दै थियो तर मन भने देशका गन्नेमान्यहरूको घरपरिवार र जीवनशैलीमा पुगेर अड्किएको थियो। राष्ट्रकवि माधव घिमिरेले पत्नी गौरीको वियोगमा खण्डकाव्य नै लेखेर प्रख्यात भए । उनीहरूको अजम्बरी प्रेमले पाएको वाहवाही सेलाउन नपाउँदै बूढाले दोस्री श्रीमती भित्र्याए। त्यसैगरी धरावासी र आचार्यले पनि उमेर ढल्केपछि पुनः विवाह गरे। म मातेकै तालमा सही ! उनीहरूको व्यवहार देखेर छक्क परेको थिएँ । पत्नी वियोगमा दुखी हुने उनीहरू पनि घाउ खाटा बस्न थालेपछि म जसरी यसै गरी सडकमा भौंतारिए या भौंतारिएनन् ! अनि पतिको निधनपश्चात त्यही घरमा पत्नीले दोस्रो श्रीमान भित्र्याइन् भने समाजले के भन्दो हो! म नसाको जोशमा थिएँ तथापि यस्ता प्रवृत्तिप्रति रोष र घृणा पैदा भइरहेको थियो।

रेस्टुराँमा नपुग्दै अलि वरबाटै ठम्याएँ, बन्द भइसकेको रहेछ । आफैँलाई अभागी ठानें र धिक्कारें। उमेरमै जीवनसङ्गिनीले साथ छोडेपछि रक्सी निर्विकल्प साथी र सहारा भएको थियो मेरो । मनको व्यथा हराउँछ भनेर साथीहरूको भनाइमा लागेर म एक नम्बरको पियक्कड भएको थिएँ । यसरी मातेर हिँड्दा पनि ममा यति होस चाहिँ थियो, मैले नखानुपर्ने चीज खाएँ !

त्यसपछि म फेरि अघि भेटिएका समलिङ्गीहरूलाई भेट्न हिँडें। जे अगाडि छ त्यसलाई लत्याउने र गुमेपछि पुनः त्यसकै प्राप्तिमा लाग्ने मानवीय स्वभाव ममा पनि लागू भयो र म फर्कीफर्की कहिले पेशेवर केटी त कहिले रेस्टुरेन्टकी बेराको खोजीमा भौंतारिरहेका थिएँ । झन् अहिले त अघि रिस उठेका मान्छेकै खोजीमा हिँड्दै थिएँ, उनीहरूबाट उम्किन म केही बेरअघि भागेको थिएँ।

त्यता नि अबेला भएछ क्यारे ! कसैलाई भेटिनँ। अथवा भेटेर पनि मैले चिनिनँ कि जँड्याहालाई उनीहरूले भाउ दिएनन्। निराश भएर सडक नाप्दै थिएँ, म त एक्कासि गर्ल्याम्म लडें !

निकै बेरपछि पछाडिबाट मेरो कुममा कसैले हात राखे झैँ लाग्यो। बिस्तारै उसले मलाई उठायो । भन्नै परेन हात कति नरम थिए ! जस्तो फूल वा कपास हुन्छ। म पछाडि फर्कंदा सडकमा फैलिएको मधुरो प्रकाशमा एउटी परम सुन्दरी मन्द मन्द मुस्कुराइरहेकी थिइन् । मैले केही बोल्न नपाउँदै उनले मेरा हात समातेर आफूतिर तानिन् र आफ्ना तात्ताता ओठ मेरो ओठमा जोडिन् । मलाई कताकता डर लागे जस्तो भयो, लाज बढेर आयो र म किंकर्तव्यविमूढ भएँ। उनले त मलाई डोर्याएरै कताकता लिएर गइन् । केही छिनमा हामी सजावटमा कुनै कमी नभएको सुन्दर कोठामा पुग्यौं। त्यसपछि उनले मेरा कपडा क्रमशः उतारिदिइन्, मलाई बिस्तारामा सुताइन् र उनी पनि सुतिन्।

म बिहान घाम झलमल्ल लागेपछि उठें। थकाइले ज्यान फतक्क गलेको थियो।

म बिउँझेको देखेपछि विपिन भन्दै थियो, "हिजो राति मैले तँलाई कहाँकहाँ मात्रै खोजिनँ ! बल्लबल्ल जमलनेर लडिरहेको भेट्टाएँ, छेउमा दुई तीनवटा कुकुरहरू पनि सुतिरहेका रहेछन् । त्यसपछि के भयो तँलाई थाहा छ ?"

मैले आँखा मिच्दै भनें, "त्यसपछि मलाई एउटी अप्सरा आई र मुलायम हातले समातेर डोर्याउँदै आफ्नो कोठामा लिएर गई ।" मैले कुरा टुङ्ग्याउन नपाउँदै ऊ मरिमरी हाँस्न थाल्यो, "हा हा हा', त्यही भएर पो रहेछ राति तँ मलाई बलजफती करणी गर्न खोज्दै थिइस्।"

# सातको कविता

## आशाको अञ्जुली

प्रेम शर्मा

गोजी रित्तै छ
तन अनि मन रित्तै छ
भद्रगोल चल्दैछ जिन्दगी
माया बोक्ने मुटु रित्तै छ
घर रित्तै छ
गोठ रित्तै छ
विदेशिए सन्तान जति
ममताको काख रित्तै छ !

छिमेक रित्तै छ
गाउँ रित्तै छ
गफको उद्योग फस्टाएरै होला
उर्वर खेत अनि बारी रित्तै छ
निधार नखुम्चाऊ प्रिय मित्र
मेरो पनि आशाको अञ्जुली रित्तै छ
कोकोहोलोको कर्कश आवाज
सिंदुर पोछिएको सिउदो रित्तै छ !

जोश रित्तै छ
उमंग रित्तै छ
वीरताको विरासत बोक्ने
भक्ति थापाको स्थान रित्तै छ
अमर, बलभद्र, भीमसेन रोए कि ?
सपूत जन्माउने कोख रित्तै छ
रत्नाकरहरूकै हालीमुहाली चल्छ
साधु सन्तको कुटी रित्तै छ !

उद्यान रित्तै छ
बगैंचा रित्तै छ
मुर्छित छन् वैशालु चाहना
खुशी हराएको अनुहार रित्तै छ
कठोरताले कुन्ठित प्रदेशी
जवान स्वास्नीको योवन रित्तै छ
भोकमरीले उपद्रो मच्चाउँदा
चामल पिठोको भकारी रित्तै छ !

पाटन रित्तै छ
चउर रित्तै छ
स्वार्थमै चल्छन् सम्बन्धहरू
सम्बन्धहरूको मिठास रित्तै छ
आऊ न आऊ समीप तिमी आऊ
आत्मियताको अङ्गालो रित्तै छ
सिद्धान्त मात्रैले कहाँ चल्छ संसार ?
तिम्रो बोलीको व्यवहार रित्तै छ !

## गजल



नीलहरि काफ्ले

सिरिखुरी अरुकै, छुन कसरी आऊँ
तिमीलाई भेटेर, रुन कसरी आऊँ

पठाइछौ खबर त, आऊ जसरी भेट
तिमी सामू जोकर, हुन कसरी आऊँ

पिई दिन्थेँ बरु म, दिए घुटुक्क विष
मुहार यी आँशुले, धुन कसरी आऊँ

थला छु म आज, दुख्छ मनको घाउ
थोपा खुन खस्दैछ, लुन कसरी आऊँ

धुमिलिए यी आँखा, छैनौ नजिकै तिमी
दो बाटामा छाएन, जून कसरी आऊँ ।






# सिजाङ : नयाँ युगमा आधुनिकीकरणतर्फ अघि बढ्दै

**एजेन्सी**/ सन् १९५१ मा सिजाङ (तिब्बत)को शान्तिपूर्ण मुक्ति चीनको लागि एक महत्वपूर्ण र ऐतिहासिक घटना थियो र १९५९ मा यस क्षेत्रको लोकतान्त्रिक सुधारको वैश्विक मुक्ति आन्दोलनको माइलस्टोन थियो । त्यसबेलादेखि सिजाङ स्वायत्त क्षेत्र आफ्नो पिछडिएको, निरङ्कुश, पृथक विगत बाट मुक्त भई समृद्धि, लोकतन्त्र र खुला भविष्यलाई अँगालेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वको सकारात्मक भूमिकाका कारण लाखौं दासदासीहरूले आफूलाई आफ्नै मालिकको रूपमा प्राप्त गरी प्रजातान्त्रिक अधिकारहरू उपभोग गर्न सक्षम भए र समाजवादी देश निर्माणमा सबै जातीय समूहका मानिसहरूसँग मिलेर ठुलो उपलब्धि हासिल गरे ।

सन् २०१२ मा भएको चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय महाधिवेशनदेखि नै स्वायत्त क्षेत्रका अधिकारी र विभिन्न जातीय समूहका जनताले सिजाङलाई अभूतपूर्व विकास र ठुलो परिवर्तन को स्थिर अवधिमा प्रवेश गर्नको लागि जनतालाई थप मूर्त लाभहरू प्रदान गर्न मिलेर काम गरेका छन् । सिजाङको सामाजिक र आर्थिक प्रगतिले विश्वको छतमा सिर्जना गरेको विकासमा राष्ट्रको उत्कृष्ट उपलब्धिहरूको प्रतीक हो ।

यातायात पूर्वाधार निर्माण र पावर ग्रिड निर्माणमा उल्लेख्य प्रगति भएको छ । यस क्षेत्रका लागि ठुलो विकासका अवसरहरू उपलब्ध भएका छन् । २०२२ को प्रारम्भमा, त्यहाँ सडकको कुल लम्बाइ ११०५ किलोमिटर उच्चस्तरीय राजमार्गसहित सडकको लम्बाइ १२१४०० किलोमिटर नाघेको छ जबकि रेलवे नेटवर्क १३५९ किलो मिटरमा विस्तार गरिसकिएको छ । सिचुआन-सिजाङ रेलवेको यान-



निङ्ची खण्ड निर्माणाधीन छ र ल्हासा-निङ्ची खण्ड सेवामा प्रवेश गरेको छ । छिङहाई-सिजाङ, सिचुआन-सिजाङ, सेन्ट्रल सिजाङ र नगारी विद्युतीय प्रसारण लाइन निर्माण भइसकेको छ ।

देशले सिजाङ (तिब्बत) मा शिक्षा सुधार गर्न प्राथमिकता दिएको छ । सन् २०१२ देखि २०२२ सम्म सिजाङमा शिक्षा क्षेत्रमा कुल २५१.५१ अर्ब युआन (३४.७२ बिलियन डलर) लगानी गरिएको थियो। हाल, यस क्षेत्रमा ९,४४,००० भन्दा बढी विद्यार्थीहरू भर्ना भएका विभिन्न प्रकारका र विभिन्न स्तरका ३,४०९ वटा विद्यालयहरू छन् । अनुकूलित शैक्षिक स्रोतहरू र आधुनिक शिक्षा प्रणालीले सबै जातीय समूहका मानिसहरूको शिक्षाको अधिकारको ग्यारेन्टी मात्र गरेको छैन, बरु सिजाङ र देशका लागि ठुलो सङ्ख्यामा प्रतिभा को उत्पादन पनि गरिरहेको छ ।

देशले निरपेक्ष गरिबी उन्मूलन र सबै हिसाबले मध्यम समृद्ध समाज निर्माण गर्ने लक्ष्य हासिल गरे पछि यसले ग्रामीण जीवनलाई तीव्रता दिएको छ । २०२१ देखि सिजाङले कुल ३०० वटा सुन्दर र बस्नयोग्य गाउँहरू निर्माण गरेको छ र ५०५ नमुना गाउँहरू सिर्जना र प्रमाणित गरेको छ । सिजाङले साझा समृद्धिलाई द्रुतगतिमा बढाइरहेको छ । यस क्षेत्रका बासिन्दाहरूको प्रतिव्यक्ति डिस्पोजेबल आम्दानीको वृद्धिदर सन् २०१५ देखि लगातार आठ वर्षसम्म देशकै उच्च रहेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी (चिकपा) को नेतृत्व, चिनियाँ विशेषता सहितको समाजवाद र क्षेत्रीय जातीय स्वायत्तताको व्यवस्थालाई समर्थन गर्दै देशले विगत दशकहरूमा उपलब्धिहरू हासिल गरेको छ । यसबाहेक, सिजाङमा भइरहेको काममा गहिरो परिवर्तन हरू छन् । चिकपाले परिस्थितिको आफ्नो बुझाइको आधारमा, सिजाङका जनतालाई स्थिरता र समृद्धितर्फ डोऱ्याउनका लागि आफ्ना सफलताहरूको सारांश प्रस्तुत गरेको छ र नयाँ युगमा सिजाङलाई शासन गर्ने दिशानिर्देश हरू प्रस्ताव गरेको छ ।

चिनियाँ विशेषतासहितको समाज वादको अभ्यास र सिजाङको वास्तविक स्थितिमा आधारित यी दिशानिर्देशहरूले सिजाङसँग सम्बन्धित कामको गहिरो बुझाइ देखाउँछन् । तिनीहरूले त्यहाँको स्थिरता र भविष्यको विकासको लागि यसको योजनाहरूमा चिकपाको विगतका सफलताहरू समावेश गर्दछ । नयाँ युगका लागि चिनियाँ विशेषतासहितको समाजवादमा सी चिनफिङ विचार लाई मूर्त रूप दिँदै यी दिशा निर्देशहरूले सिजाङको शासनमा भविष्यको दिशानिर्देश र रणनीति मा प्रश्नहरूको श्रृङ्खलाको जवाफ दिन्छ र यस क्षेत्रसँग सम्बन्धित सबै उपक्रमहरूमा पालना गर्नुपर्नेछ ।

पहिलो, दिशानिर्देशहरूले सिजाङ को शासनको विशेष ध्यानलाई स्पष्ट गरिरहेको छ र क्षेत्रको विकासको लागि मूल्याङ्कन मापदण्ड प्रस्ताव गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको मूल आकाङ्क्षा र लक्ष्य भनेको चिनियाँ जनताको खुसी र चिनियाँ राष्ट्रको कायाकल्प गर्नु हो । राष्ट्रिय एकीकरण र जातीय एकता समाजवादी आधुनिकीकरण र चिनियाँ राष्ट्रको पुनरुत्थानको आधारभूत सुनिश्चितता गर्नु हो ।

चीनको लागि १.२ मिलियन वर्ग किलोमिटरभन्दा बढी क्षेत्रफल भएको र विश्वको छतमा अवस्थित सिजाङ एक महत्वपूर्ण राष्ट्रिय सुरक्षा किल्लाको रूपमा काम गर्दछ । यसले रणनीतिक स्रोत आरक्षण गर्ने प्रमुख आधार एक महत्वपूर्ण पारिस्थितिक सुरक्षा स्क्रिन पनि सिर्जना गर्दछ । यो चिनियाँ राष्ट्रको अद्वितीय संस्कृतिको संरक्षणको लागि घर हो। दक्षिण एसियासँग देशको आदानप्रदानका लागि ह्ष्शबलन एउटा महत्वपूर्ण च्यानल हो । यो क्षेत्र चीनको घरेलु शत्रु र पृथकतावादी शक्तिहरूविरुद्धको सङ्घर्षको अग्रभागमा रहेको छ ।

दोस्रो, स्थानीय सरकारले स्थायित्व सुनिश्चित गर्ने, विकासको सहजीकरण गर्ने, पर्यावरणको संरक्षण गर्ने र सिमानाको सुदृढीकरण गर्ने गरी चारवटा मुख्य कार्यलाई कार्यान्वयन गर्नुपर्छ । हाल, सिजाङले पृथकतावादीहरूविरुद्धको लडाइँको जोखिमलाई सम्बोधन गर्न, दीर्घकालीन सामाजिक स्थायित्व प्रवर्द्धन गर्न, उच्च गुणस्तरको आर्थिक रूपान्तरणलाई बलियो बनाउन, पर्यावरण संरक्षणलाई सुदृढ गर्न र सीमा क्षेत्रहरूलाई जीवन्त बनाउन र बासिन्दाहरूको जीवनलाई समृद्ध बनाउन जारी राख्न आवश्यक छ। यसरी, अधिकारीहरूले दिगो, दीर्घकालीन र व्यापक स्थिरता सुनिश्चित गर्न दीर्घकालीन संयन्त्र स्थापना गर्छन् । स्थानीय सरकारले गरिबी उन्मूलनमा सफलता हासिल गरेर, हरित विकासलाई प्रवर्द्धन गर्दै र विशेष उद्योगहरूको विकास गरी ग्रामीण जीवनलाई उन्नतितर्फ अगाडि बढाइरहेको छ ।

तेस्रो, राष्ट्रिय एकता र जातीय एकताको रक्षा गर्न र सबै जातीय समूहका मानिसहरूलाई देशको सही बुझाइ विकास गर्न मार्गदर्शन गर्न चिनियाँ राष्ट्रको समुदायको भावनालाई सुदृढ गर्ने प्रयास गर्नुपर्छ ।

समृद्ध धार्मिक संस्कृति भएको सीमावर्ती जातीय क्षेत्रको रूपमा सिजाङले सबै जातीय समूहका मानिसहरू र दलाई लामा गुटद्वारा प्रतिनिधित्व गर्ने पृथकतावादी शक्तिहरूबिचको विशेष विरोधाभास को सामना गरिरहेको छ । चिनियाँ राष्ट्रको पुनरुत्थानलाई अगाडि बढाउन अधिकारीहरूले सबै जात जातिहरूको साझा समृद्धि र विकास जातीय ऐक्यबद्धता र प्रगतिलाई सहज बनाउने, पृथकताविरुद्धको लडाइँ जारी राख्ने, धर्मलाई चीनको यथार्थमा ग्रहण गर्ने, तिब्बती बौद्ध धर्मलाई समाजवादी समाजमा ग्रहण गर्ने र एकताका लागि काम गर्न आवश्यक छ ।

सिजाङको इतिहासमा लिपिबद्ध जातीय आदानप्रदान, सञ्चार र एकीकरण, मातृभूमि, चिनियाँ राष्ट्र, चिनियाँ संस्कृति, इतिहास र धर्महरूका बारेमा सबै जातीय समूहका मानिसहरूमा चेतना अभिवृद्धि गर्नका साथै चिनियाँ विशेषतासहितको समाजवाद, चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीको बुझाइको प्रचारप्रसार गर्ने प्रयास गर्नुपर्छ ।

पार्टीले चीनलाई सबै हिसाबले आधुनिक समाजवादी देशको रूपमा निर्माण गर्ने दोस्रो शताब्दीको लक्ष्य पूरा गर्न र चिनियाँ राष्ट्र लाई आधुनिकीकरणको चिनियाँ मार्गमार्फत सबै मोर्चामा पुऱ्याउने दोस्रो शताब्दीको लक्ष्य पूरा गर्न सिजाङका सबै जातीय समूहका मानिसहरूलाई नेतृत्व गरिरहेको छ ।

# जाडोले युक्रेनी सेनाको काउण्टर अफेन्सिभ कमजोर बन्दै

**बासिङ्टन**/ युरोपेली संघका अधिकारीहरूले जाडोको समयमा रुससँगको द्वन्द्वमा युक्रेनको स्थिति कमजोर बन्न सक्ने निश्कर्ष निकालेको भन्दै वाल स्ट्रीट जर्नलले समाचार प्रकाशन गरेको छ ।



जर्नलका अनुसार, जुनको पहिलो साताबाट सुरु भएको उनीहरूको काउन्टर अफेन्सिभको क्रममा कीभका सेनाहरूको भारी नोक्सान व्यहोरेको र भ्रष्टाचारले ग्रस्त सैन्य भर्ती प्रणाली बारे समाचारहरु बाहिर आएका बेला नाटोको यो भनाई बाहिर आएको हो । नाटोले अत्याधिक जाडोका कारणले युक्रेनको सैन्य प्रतिरोधी क्षमता निष्क्रिय वा कमजोर बन्ने निश्कर्ष निकालेको हो ।

फेब्रुअरी २०२२ मा युक्रेनसँगको द्वन्द्व बढेपछि पश्चिमी राज्यहरूले सक्रिय रूपमा किभलाई सैन्य सहायता पठाएर समर्थन गरेका थिए । द्वन्द्व फैलिएको एक महिना पछि, नाटो सदस्य राष्ट्रहरूले एक संयुक्त विज्ञप्ति जारी गर्दै भनेका थिएः “रुसमाथि ठूलो प्रतिबन्ध र भारी राजनीतिक लागत लगाइएको छ र हामीहरु रुसमाथि समन्वित अन्तर्राष्ट्रिय दबाब कायम राख्न कटिबद्ध छौं ।”

सेप्टेम्बरको अन्तमा युरोपेली विदेश नीति प्रमुख जोसेप बोरेलले भनेका थिए कि आफुहरु “जति समय लाग्छ युक्रेनको साथमा रहनेछौं ।”

नोभेम्बरको मध्यमा युक्रेनी राष्ट्रपति भ्लादिमिर जेलेन्स्कीले गुनासो गरेका थिए कि पश्चिमबाट सहायता वितरण कम भएको छ । गत हप्ता, जेलेन्स्कीले फक्स न्यूजसँगको एक अन्तर्वार्तामा स्वीकार गरे कि काउन्टर अफेन्सिभ आफ्नो योजना अनुसार भएको थिएन ।

वाल स्ट्रिट जर्नलको रिपोर्टले उल्लेख गरेको छ कि युक्रेनी सेनामा धेरै प्रतिस्थापनहरू “४० वर्षका पुरुषहरू छन् र प्रायः थोरै तालिम लिएर खाडलहरूमा पठाइन्छ ।”

केही दिन अघि रक्षा, राष्ट्रिय सुरक्षा र खुफिया सम्बन्धी संसदीय समितिका सचिव रोमन कोस्टेन्को ले युक्रेनको रेडियो एनभी लाई भनेः “हामी सबैलाई थाहा छ कि हामी अहिले परिचालनमा समस्या छ, हामी परिचालन असफल भन्न सक्छौं, उनले थपे, परिस्थिति परिवर्तन हुँदैन, त्यहाँ धेरै ठूला समस्याहरू हुनेछन् ।”

यस महिनाको सुरुमा, बीबीसीले रिपोर्ट गरेको छ कि मस्यौदाको लागि योग्य भएका करिब २० हजार पुरुष युक्रेनबाट भागेका छन्, युद्धको सुरुमा घोषणा गरिएको मार्शल लको समयमा देश छोड्न प्रतिबन्धको बाबजुद अझैं २१ हजार मानिसले भाग्ने प्रयास गरेका छन् तर अधिकारीहरूले उनीहरुलाई समातेर राखेकाछन् ।

रुसी रक्षा मन्त्री सर्गेई शोइगुका अनुसार अक्टोबरको अन्त्यसम्म युक्रेनले काउन्टर अफ्रिन्स सुरु गरेदेखि ९० हजारभन्दा बढीको ज्यान लिइसकेको छ । मंगलवार शोइगुले नयाँ तथ्याङ्कहरू जारी गरे कि कीभको सेनाले नोभेम्बरमा मात्र १३ हजार ७ सय भन्दा बढी सेनाहरू गुमाएको देखाउँछ ।

# स्थानीय निर्वाचनमा नेता किमले गरे मतदान

**बासिङ्टन**/ प्योङयाङ/उत्तर को रियाली नेता किम जोङ उनले पूर्वी तटमा रहेको प्रमुख मेसिन कारखानाको भ्रमणमा आर्थिक नीतिलाई जोड दिनुका साथै स्थानीय चुनावमा प्रतीकात्मक मतदान गरेको सरकारी मिडियाले जनाएको छ ।

जनताको आर्थिक विकासमा केन्द्रीत भएका किमको भर्खरैका सार्वजनिक स्थलगत निरीक्षणहरू सेनासँग सम्बन्धित रहेको र उनले नयाँ उपग्रहद्वारा लिइएको अमेरिकी र दक्षिण कोरियाली सैन्य अखडाहरूको दैनिक रुपमा इमेजरी समीक्षा गर्न थालेको पनि सरकारी अधिकारीहरुले बताएका छन् ।

कोरियाली केन्द्रीय समाचार एजेन्सी केसिएनएले सोमबार रिपोर्ट गरेको छ कि किमले हामहुङको रियोङसोङ मेसिन कम्प्लेक्सको निरीक्षण गरे र २६ नोभेम्बर मा प्रान्तीय, सहर र काउन्टी जनसभाको चुनावमा मतदान गरेका तस्विरहरु सार्वजनिक भएकाछन् ।

मतदानपछि किमले भनेका थिएः कारखाना उच्च-प्रदर्शन ठूला कम्प्रेसरहरूको उत्पादनको साथ अगाडि बढिरहेको छ र कामदारहरूले “पराजयवाद र प्रविधिको बारेमा रहस्यवादलाई ठूलो प्रहार गरेको छ” जुन उनी विश्वास गर्छन् कि आत्मनिर्भर अर्थव्यवस्थालाई केही ठाउँमा फिर्ता राखेको छ ।

रोङसोङ मेसिन कम्प्लेक्सले हामहुङमा प्रमुख मिसाइल र हतियार कारखानाहरू पनि प्रबन्ध गर्दछ । सो कम्प्लेक्सले पावर स्टेशन र रासायनिक कारखानाहरूको लागि ठूलो उपकरण उत्पादन गर्दै आएको छ ।

केसीएनएले आइतवारको चुनावको लागि देशभरि ९९ प्रतिशत मतदान भएको रिपोर्टमा उल्लेख गरेको छ । विदेशमा बसोबास गर्ने वा समुद्रमा काम गने जनसंख्याको एक स्लिभरले मात्र उक्त निर्वाचनमा भाग लिन नपाएको बताएको छ ।

सरकारी सञ्चारमाध्यमले मतदानलाई उत्तर कोरियालीहरूका लागि “हाम्रो क्रान्तिकारी शक्तिलाई दृढतापूर्वक सुदृढ पार्ने संघर्षमा आफ्नो नागरिक कर्तव्य पूरा गर्ने र लोकप्रिय जनतामा केन्द्रित हाम्रो समाजवादी राज्यलाई अझ समृद्ध बनाउने अवसरको रूपमा वर्णन गरेको छ ।”

उत्तर कोरियामा चुनाव स्वतन्त्र र निष्पक्ष नभएको आरोप लगाउँदै आएकाछन् । बाहिरका विज्ञहरूले उत्तर कोरियाली जनताको विधानसभा चुनावलाई कोरियाको वर्कर्स पार्टी ( डब्लुपिके) द्वारा आयोजित सरकारी नीतिहरूको लागि निरन्तर जनसमर्थनको प्रदर्शन भएको ठान्छन् ।

उत्तर कोरियाको शासन प्रणाली आधिकारिक रूपमा किम जोंग उन, उनको परिवार र डब्लुपिके को एकाधिकार शासनको संरक्षणमा केन्द्रित देखिएको छ ।

आइतवारको चुनाव उत्तर कोरियाको दशकहरूमा पहिलो थियो जुन प्रत्येक जिल्लामा एक भन्दा बढी उम्मेद्वारहरूलाई प्राथमिक-जस्तै प्रक्रियामा भाग लिन अनुमति दिने थियो, तर अन्ततः एक व्यक्ति मात्र प्रति जिल्ला चुनावको लागि उभिएको थियो । यसअघिको स्थानीय चुनाव प्रत्येक चार वर्षमा जुलाई वा अगस्टमा हुने गरेपछि मतदान करिब चार महिना ढिलो भएको थियो ।

किमले प्रान्तीय, सहर र काउन्टी पदका लागि रोङसङ कारखानामा चयन गरिएका तीन जना पुरुषहरूलाई भेटेको फोटो सार्वजनिक भएका थिए ।

उनले दक्षिण ह्यामग्योङ प्रान्तीय जनसभाका लागि रियोङसोङ मेसिन कम्प्लेक्स सोङगुन कास्ट आइरन फ्याक्ट्रीका प्रबन्धक किम चुङ ह्योक, हामहुङ शहर जनसभाका लागि कारखानाको मेसिन कार्यशाला नम्बर ३ का प्रमुख रि चोल हक र हेन जिल्ला तथ्यांक विभागका उपाध्यक्ष रिम चोललाई जिल्ला सभाका लागि अनुमोदन गरेको बताइएको छ ।

सरकारी सञ्चारमाध्यमले राज्य आगामी दिनहरूमा चुनावी परिणामहरूको बारेमा थप विवरणहरू प्रकाशित गर्ने अपेक्षा गरिएको छ । सन् २०१९ को जुलाईमा भएको पछिल्लो स्थानीय निर्वाचनमा करिब २८ हजार जना सांसद निर्वाचित भएका थिए ।

जिल्लामा रहेका पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गरौं। - जिल्ला समन्वय समिति, सिन्धुली

# नयाँ फिल्मको सुटिङमा भिड्दै सलमान



भर्खरै मात्रै सलमान खानको बहुप्रतिक्षित फिल्म टाइगर ३ आएको थियो । यो फिल्मले बक्स अफिसमा जादु देखाउन सकेन । सलमानको लागि कमब्याक हुने अपेक्षा गरिएको फिल्मले हिन्दी भाषामा बजेट जति पनि कमाउन सकेन । यति बेला उनको नयाँ फिल्मबारे चर्चा सुरु भएको छ ।

सलमान अर्को एक्शन फिल्ममा देखिँदै छन् । द बुल नामक यो फिल्मको निर्देशन विष्णुवर्धनले गर्ने बताइएको छ। फिल्म करण जौहरको धर्मा प्रडक्शनले बनाउन लागेको हो। यो फिल्ममार्फत सलमान खान लामो समयपछि करण जौहरसँग काम गर्दैछन् ।

सलमान खानको आगामी फिल्म एक्शन थ्रिलर हुने बताइएको छ । मिडिया रिपोर्ट्सका अनुसार यो फिल्मको सुटिङ सन् २०२४ को फेब्रुअरीमा सुरु हुनेछ । करणले फेब्रुअरीदेखि अगष्टसम्म यो फिल्मको सुटिङ गरेर ब्रेक लिने खबरहरु आइरहेको छ ।

यो फिल्ममा सलमान पहिलो पटक अर्धसैनिक अधिकृतको भूमिका देखिनेछन् । फिल्ममा सलमान बाहेक दक्षिण भारतीय अभिनेत्री सामंथा रुथ प्रभुको पनि मुख्य भूमिका रहने बताइएको छ । सामन्था हालै यही फिल्मको स्क्रिप्ट पढ्न र निर्देशकसँग बचतचितका लागि मुम्बई आएकी थिइन् ।

**२०२५ मा रिलिज हुनेछ फिल्म**

शेरशाह पछि विष्णुवर्धनको यो दोस्रो हिन्दी फिल्म हुनेछ । यसअघि उनले हिन्दी भाषामा बनाएको शेर शशाहले राष्ट्रिय पुरस्कार जितेको थियो । अहिलेसम्म फिल्मको नयाँ नाम फाइनल भइसकेको छैन । तर करणले यसलाई द बुल भनिरहेका छन् । फिल्म सन् २०२५ को गर्मीयाममा रिलिज हुने बताइएको छ ।

# 'कान्तारा १' टिजर : ऋषभ शेट्टीको शिवजी अवतार

सन् २०२२ मा रिलिज भएको भारतीय फिल्म 'कान्तारा' को प्रिक्वेल 'कान्तारा : च्याप्टर १' को टिजर सार्वजनिक भएको छ । निर्माता हम्बेल पिक्चर्सले टिजर भिडियो सार्वजनिक गर्दै लेखेको छ, ' भगवानको भूमिमा पाइला चाल्नुहोस्। यो प्रकाश नयाँ दर्शन हो ।'

फस्टलुकमा अभिनेता तथा निर्देशक ऋषभ शेट्टी भगवान शिवको अवतार मा देखिएका छन् । टिजरमा उनको लुकको सामाजिक सञ्जालमा प्रशंसा भइरहेको छ । निर्माताले टिजर सात भाषा (कन्नड, हिन्दी, तेलुगू, तमिल, मलायालम, बंगाली र अंग्रेजी)मा रिलिज गरेका छन् । यो फिल्म सात भाषामा पनि रिलिज हुने अपेक्षा गरिएको छ ।



टिजरबाहेक निर्माताले पोस्टर पनि सेयर गरेका छन् । जसमा ऋषभ एक हातमा त्रिशूल र अर्को हातमा बञ्चरो लिएको रुपमा देखिएका छन्। 'कान्तारा च्याप्टर १' मा ऋषभ र सप्तमी गौडा मुख्य भूमिकामा हुनेछन् । यसबाहेक उर्वशी रौतेला, किशोर जस्ता कलाकार पनि देखिनेछन् ।

यसअघि 'कान्तारा' सन् २०२२ मा भारतमा चौथो धेरै कमाउने फिल्म बनेको थियो । साथै, 'केजीएफ २' पछि कन्नड सिनेमाको दोस्रो सबै भन्दा धेरै कमाउने फिल्म पनि बन्यो। रिपोर्टलाई विश्वास गर्ने हो भने ' कान्तारा'को प्रिक्वेलको बजेट पहिलो भागभन्दा सात गुणा बढी छ । जहाँ यसको पहिलो भाग मात्र १६ करोड भारुमा बनाइएको थियो । प्रिक्वेलको बजेट १२५ करोड भारु अनुमान गरिएको छ ।

फिल्मको प्रिक्वेल पञ्जुर्ली दैवाको कथामा केन्द्रित हुनेछ । यसअघि कान्तारामा पञ्जुर्ली र गुलिया नामका दुई देवताको उल्लेख छ । फिल्मले कर्नाटकको ग्रामीण क्षेत्रमा मनाइने दैव कोला प्रथालाई पनि चित्रण गरेको छ ।

# 'तेल भिसा'मा विपिनदेखि वर्षासम्म



'तेल भिसा' शंकर घिमिरेको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्म हो । केही अगाडि घोषण भएको फिल्मका लागि अहिले धमाधम कलाकार छनौट भइरहेको छ । फिल्मको मुख्य भूमिकामा अभिनय रहने कलाकार भने टुङ्गो लागेको निर्माण युनिटले जानकारी दिएको छ । निर्माण युनिटका अनुसार फिल्मको मुख्य भूमिकामा विपिन कार्की, वर्षा राउत, गौरी मल्ल, ऋचा घिमिरे र बुद्धि तामाङ देखिनेछन् । विनोद पौडेल, अदीति खरेल र रमेश चौलागाईं निर्माता रहेको फिल्मको रिलिज मिति नयाँ वर्षको भदौ २८ गते तोकिएको छ । सेभेन सिज इन्टरमेन्ट र वेल डन क्रियसनको संयुक्त ब्यानरमा निर्माण हुने फिल्म आगामी चैतको दोस्रो साताबाट फ्लोरमा जाने बताइन्छ।

डायस्पोरामा नेपाली जाने र त्यतै स्थापित हुने नेपाली समाजको बदलिँदो स्थितिमा कथा बनाएको फिल्ममा सुशन प्रजापतीको छायांकन रहनेछ । फिल्मका रिच इन्टरटेन्मेन्ट र एफ डी कम्पनीले वितरण गर्नेछन् ।

GANAPATI HOTEL & RESORT PVT. LTD.
Dhungrebash, Sindhuli
Celebration For Life...
Here Begins Your Happiness.....
Ganapati Hotel & Resort is the first full fledged facility hotel in Sindhuli District which is surrounded by greenery, river, beautiful scenery and pleasant environment. It has 2 swimming pools (baby & adult pool), play center for the children, seminar hall, banquet hall, resturant & bar, well equipped amenities in different type of rooms, enough parking area. All rooms are outfitted by cable, smart tv, wifi, intercom, air condition & some rooms are equipped by mini refrigerator & pan tree too.
Facilities of Ganapati Hotel & Resort
• Swimming Pool • Play Center for Children • Seminar Hall • Banquet Hall • Free wifi • Resturant & Bar (Barbeque, Bonfire) • Enough parking • (Additions: Cloth Ironing, Hair Dryer, Laundry) 24 hrs desk service & many more
Visit Sindhuli & Visit at Ganapati Hotel and Resort Pvt. Ltd.
Ph. No.: +977 047-520346, 047-521056
9854041723

"दुध सेवन स्वस्थ जीवन"
गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थ सेवन गरी स्वस्थ रहौं ।
कोसेली डेरी उद्योग प्रा.लि.
कमलामाई न.पा.-६, सिन्धुली 047-520460
विमला कुमारी काफ्ले
अध्यक्ष
9817801200
9844075969
यहाँ दुध, दही, घ्यू, पनिर, खुवा, छुर्पी, पेडा, पुष्टकारी, नौनी, क्रिम, मोही लगायत दुग्धजन्य पदार्थ पाउनुको साथै पशु आहार तथा औषधी र डेरी सम्बन्धी विभिन्न यन्त्र उपकरणहरु पाईन्छ ।
koselidairy2077@gmail.com

अब घरमा चाहिने सम्पूर्ण सामानहरू एकै ठाउँमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ९८५४०४१५०५

9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ
९८४४५०८०८२
९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ।

सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली